# आर्थिक वर्ष २०८२/०८३ को

# नीति तथा कार्यक्रम

## त्रिवेणी गाउँपालिका

## रुकुम (पश्चिम)

### कर्णाली प्रदेश, नेपाल

२०८२

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

## गाउँसभाको १३ औं अधिवेशनमा मिति २०८२/०३/०९ गतेका दिन गाउँपालिका अध्यक्ष श्री गणेश कुमार के.सी.ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८२/०८३ को

# नीति तथा कार्यक्रम

## त्रिवेणी गाउँपालिका

### रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

त्रिवेणी गाँउपालिका, रुकुम (पश्चिम)

**यस गरिमामय  र सम्माननिय गाउँसभाका सदस्य ज्यूहरु, प्रमुख अतिथि ज्यू, विशेष अतिथि ज्यू, आमन्त्रित सम्पूर्ण अतिथि पाहुना महानुभावहरु, राष्ट्रसेवक कर्मचारीहरु, पत्रकारहरु, सुरक्षाकर्मीहरु, उपस्थित सम्पूर्ण शुवेच्छुक महानुभावहरु, सम्पूर्ण स्वाभिमानी त्रिवेणी बासी दाजुभाई दिदिवहिनीहरु र देश विदेशमा रहनु भएका सम्मानित श्रोता महानुभावहरुमा नमस्कार सहित हार्दिक स्वागत गर्दछु।**

त्रिवेणी गाउँपालिकाको सम्मानित गाउँसभा समक्ष आर्थिक वर्ष २०८२/२०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु। यस म हत्वपूर्ण घडीमा नेपालको राजनैतिक परिवर्तनको आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते तथा वेपत्ता योद्दाहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु। साथै राष्ट्रियता, स्वाधीनता, सामाजिक न्याय, समानता र संघीय शासन प्रणाली स्थापना गर्न संघर्ष गर्नुहुने सम्पूर्ण नेपाली जनतामा सम्मान व्यक्त गर्दछु। यी संघर्ष र आन्दोलनमा नागरिकले पुऱ्याएको योगदानले हामीलाई कर्तव्य पथमा डोऱ्याई रहने छ।

"समृद्ध त्रिवेणी सुखी र सम्मानित त्रिवेणी वासी" भन्ने दिर्घकालिन लक्ष्य प्राप्तिको लागि यस आर्थिक वर्षमा त्रिवेणी गाउँपालिकाले "शिक्षा, स्वास्थ्य, रोजगार, पूर्वाधार, सुशासन, समावेशिता र समृद्धिका आधारमा समाजवाद उन्मुख समुन्नत त्रिवेणी हाम्रो सरोकार" भन्ने उद्धेश्य आत्मसाथ गर्दै संविधानले परिकल्पना गरेको सामाजिक न्याय समावेशिता समृद्धि र समान अवसरमा आधारित स्थानीय शासन प्रणालीलाई व्यवहारमा उतार्ने उद्धेश्य र गाउँपालिकामा भएका सिमित स्रोत साधनलाई अधिकतम प्रयोग गरी नागरिकको जीवन स्तरमा रुपान्तरण ल्याउने उद्धेश्य सहित यो निति तथा कार्यक्रम प्रस्तुत गरिएको छ।

**सम्मानित सभाका सदस्य ज्यूहरु तथा उपस्थित महानुभाव ज्यूहरु,**

अब म त्रिवेणी गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु निम्न बमोजिम प्रस्तुत गर्दछुः-

- नेपालको संविधान
- संघीय सरकारको सोह्रौ आवधिक योजनाले लिएका नीति तथा प्राथामिकताहरु
- प्रदेश सरकारको आवधिक योजना
- नेपाल सरकार र प्रदेश सरकारका आ.व. २०८२/०८३ का निति तथा कार्यक्रमहरु
- त्रिवेणी गाउँपालिकाको प्रथम आवधिक योजना
- स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकार सूची
- स्थानीय सरकार संचालन ऐन २०७४ तथा अन्य स्थानीय तह संचालन सम्बन्धि ऐन, कार्यविधि र नियमावलीका प्रावधानहरु

- विकासका समसामयिक मुद्दाहरु दीगो विकास लक्ष्य, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास
- बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्य सम्बन्धित विषयहरु
- निर्वाचनको क्रममा जारी गरिएका प्रतिवद्धता पत्रहरु
- विगत आर्थिक वर्षहरुमा त्रिवेणी गाउँपालिकाले तयार पारेका नीति कार्यक्रम तथा योजनाहरु
- बस्ती स्तरबाट आएका सुझावहरु
- विभिन्न राजनैतिक दलहरु, संघसंस्थाका प्रतिनिधिहरु, गाउँपालिका बासी सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरुका सल्लाह तथा सुझावहरु।

**सम्मानित सभाका सदस्य ज्यूहरु तथा उपस्थित महानुभाव ज्यूहरु,**

त्रिवेणी गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमाका मुख्य नितिगत उद्देश्यहरु निम्न अनुसार रहेका छन्,

- जनताको मौलिक हकको रुपमा रहेका न्यूनतम आधारभूत आवश्यकताको परिपूर्ति गर्ने,
- स्थानीय स्रोत सीप र अवसरको अधिकतम उपयोग गरी आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्ने,
- शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधारका क्षेत्रमा समान पहुँच सुनिश्चित गर्दै सेवा प्रवाहको गुणस्तर सुधार गर्ने,
- कृषि, पशुपालन, उद्यमशिलता र सीप विकास मार्फत उत्पादन र आयआर्जनमा वृद्धि गर्ने,
- सुशासन, पारदर्शिता र जवाफ देहितामा आधारित प्रशासनिक प्रणाली सुदृढ गर्ने,
- महिला, दलित, जनजाति, अपांगता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक लगायत सबै वर्गलाई समानुपातिक समावेशी विकासमा सहभागी बनाउने,
- वातावरण संरक्षण, विपद व्यवस्थापन सूचना प्रविधिको उपयोग मार्फत दिगो विकास प्रर्वद्धन गर्ने,
- तहगत सरकारको समन्वय र सहकार्यमा भूकम्पबाट क्षतिग्रस्त भएका भौतिक संरचनाको पुनः निर्माण गर्ने,
- संघ र प्रदेशसंग समन्वय र सहकार्य गरी नेपालको संविधान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शाषण व्यवस्थाको सुदृढीकरण गर्ने,
- गुणस्तरिय, सर्वसुलभ शिक्षा र स्वास्थ्य मार्फत मानव पूँजी निर्माण गर्ने,
- शिक्षालाई सीप सीपलाई श्रम र श्रमलाई रोजगारसंग जोडी समृद्धि हासिल गर्ने,
- कृषिलाई आधुनिकरण व्यवसायिकरण यान्त्रिकरण र विविधिकरण गर्दै उत्पादन वृद्धि गर्ने,
- उद्योग कृषि पशु क्षेत्र र पर्यटनका कार्यक्रम मार्फत रोजगारी सृजना गर्ने,
- सेवा प्रवाहलाई प्रभावकारी बनाई नागरिकमा सुशासनको प्रत्याभूति दिलाउने,

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- पालिकाको समृद्धिको आधारको रुपमा रहेको पूर्वाधार विकासलाई गुणस्तरीय, दिगो र वातावरण मैत्री हुने गरी निर्माण गर्ने,
- चालु तथा प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्दै पूँजीगत खर्चमा वृद्धि गर्ने,
- आर्थिक र सामाजिक रुपले पछाडि परेका वर्ग क्षेत्रलिङ्ग समुदायको उत्थान र शसक्तिकरण कार्यक्रम संचालन गरी विकासमा पछि परेको क्षेत्रको लागि स्रोत साधनको प्राथामिकतापूर्ण विनियोजन गरी समग्र विकासलाई सन्तुलित र समावेशी बनाउने,
- उत्पादन रोजगारी र आय आर्जनका लागी उत्पादनमुखि कार्यक्रम अगाडि बढाउने,
- स्थानीय स्रोतको अधिकतम उपयोग गरी पारदर्शि र प्रतिफलमा आधारित सेवा प्रवाह गर्ने,
- जनतालाई आत्मनिर्भरता तिर उन्मुख गराउन रोजगारीका नयाँ स्रोतको खोजी गर्ने,
- त्रिवेणी बासीको क्षमताको उच्चतम उपयोग गरी समृद्ध पालिका बनाउने,
- आर्थिक सम्वृद्धि, सामाजिक, साँस्कृतिक रुपान्तरण सहितको मानवीय विकास गर्ने,
- कृषि सहकार्य समूह, श्रम सहकारी कृषक समूह र अन्य सहकारी मार्फत आयआर्जन बृद्धि गरी गरिवी अन्त्य गर्ने र रोजगारी श्रृजना गरी बेरोजगारी हटाउने,
- प्राकृतिक प्रकोप तथा महामारी नियन्त्रण, रोकथाम र व्यवस्थापनको लागि पूर्व तयारी गर्ने,
- यूवा परिचालनको माध्यमबाट रोजगारी श्रृजना गर्ने, आफू सँग भएको साधनस्रोत र सीपको सदुपयोग गरी उत्पादन र उत्पादकत्व बढाउने,
- अभिलेखिकरण तथा तथ्यांक व्यवस्थापनलाई विशेष जोड गर्ने,
- एकिकृत त्रिवेणी विकास कार्यक्रम बनाई लागु गर्ने,
- सामाजिक शोषणका सबै अवशेष अन्त्य गर्न आर्थिक समृद्धि र सामाजिक, साँस्कृतिक रुपान्तरण अभियान संचालन गर्ने,
- शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य सम्प्रभुता, आवास, सामाजिक न्याय, सामाजिक सुव्यवस्था, दिगो विकास गर्दै समाजवादको आधार खडा गर्ने,
- जलस्रोत, उर्जा, कृषि, पर्यटन, पशुपालन, जंगल, जडिबुटी उत्पादन जस्ता आर्थिक उपार्जनका क्षेत्रलाई समुचित र न्यायसंगत ढंगले उपयोग गर्ने, कृषक सहकार्य समूह, सहकारी समूहलाई प्रोत्साहित गर्ने र भौतिक पूर्वाधार र उद्योगको स्थापना गर्दै मानव सुचाङ्कको विकास गर्न योजनावद्ध र एकिकृत ढंगले कार्यक्रम संचालन गर्ने,
- ठूला पूर्वाधारका आयोजना निर्माण र स्तरोन्नति, स्थानीय प्राथामिकताका क्षेत्र र आयोजनामा विधि सम्मत र कानून सम्मत तरिकाले साझेदारी निकायहरुलाई आमन्त्रण गर्ने,
- कृषि, वनमा आधारित साना तथा लघु उद्योगहरुको स्थापना र संचालनमा विशेष ध्यान दिने र विभिन्न उत्पादन र रोजगारमा विशेष ध्यान दिई परनिर्भरतालाई कम गर्ने,

- नेपालको संविधानमा मौलिक अधिकारको रुपमा प्रत्याभूत गरेका शिक्षा, स्वास्थ्य, रोजगार, खाद्यसम्प्रभुता, आवास जस्ता विषयलाई कानून बनाई प्रभावकारी ढंगले लागु गर्ने,
- त्रिवेणी गाउँपालिका भित्र उपलव्ध साधनस्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै प्राप्त स्रोतसाधनको न्यायोचित वितरण, आर्थिक, सामाजिक असमानता हटाउने, शोषण रहित समाजको निर्माण गर्ने, समाजवादी अर्थतन्त्रको आधार खडा गर्ने,
- स्वतन्त्र, निष्पक्ष, मानवअधिकार, लैंगिक समानता, सामाजिक न्याय, समावेशी र समानुपातिक सिद्धान्तलाई आत्मसाथ गर्दै लोककल्याणकारी व्यवस्थालाई दिगो र सुदृढ गर्ने,
- विकास निर्माणमा क्षेत्रीय सन्तुलन कायम गर्ने, पछाडि परेका क्षेत्र पहिचान गरी प्राथामिकतामा ल्याउने, त्रिवेणी गौरवका आयोजना छनौट गरी कार्यन्वयन गर्ने, विभिन्न कृषि पशुपालन पकेट क्षेत्रलाई ब्लक तथा पकेट क्षेत्रको रुपमा विकास गर्ने, सुचना प्रविधिलाई थप सुदृढ गराउने, विपन्न परिवारलाई आयआर्जनका उपाय सुझाउने, स्वास्थ्य क्षेत्रको दिगो र प्रभावकारी व्यवस्थापन गर्ने, विपद जोखिमको व्यवस्थापन गर्ने, आयुर्वेदिक, होमोपेथिक पद्धतिको स्थापना, संरक्षण र विकास, श्रमको सम्मान गर्ने, सँस्कृतिको विकास, प्रविधि मैत्री शिक्षामा जोड, पारिवारिक र सामाजिक हिंसामा परेका व्यक्तिको पुनर्स्थापना र संरक्षण गर्न, स्थानीय पाठ्यक्रम निर्माण र पठनपाठन, अनुगमन मुल्यांकनलाई व्यवस्थित गर्नु, स्वास्थ्यमा टेलिमेडिसियन सेवा संचालन गर्ने,
- वनजंगल, वन्यजन्तु र पशुपंक्षीको चोरी पैठारी, शिकार क्षति, मिलिभगत, आगलागी, फडानी पर्यावरणीय प्रदुषण रोक्ने, व्यक्ति वा समुदायमा जो कसैका लागि पनि बन्चित गरेका विषय हुन् यस्ता दुष्मनीका विरुद्ध गोप्य सूचना दिने व्यक्ति वा संस्थालाई पुरस्कार र प्रोत्साहन दिने व्यवस्था गर्ने साथै सूचना दिने व्यक्तिको नाम गोप्य राख्ने।
- बजार, व्यापार व्यवसाय, औषधी पसल र दैनिक उपभोग्य उत्पादित वस्तुको विक्रि वितरणमा हुने एकाधिकार, कालो बजारी, कृत्रिम अभाव सिर्जना लगायतका अपराधजन्य कार्यहरुको निरन्तर अनुगमन गरी गलत कार्य गर्नेलाई कारवाहीका लागि सिफारिस गर्ने र स्थानीय बजारमा सस्तो पसल स्थापनाको पहल गर्ने।

**आ.व. २०८१/०८२ को समीक्षा**

यो वर्ष त्रिवेणी गाउँपालिकालाई आवश्यक पर्ने ऐनहरु त्रिवेणी गाउँपालिकाको खानेपानी तथा स्वच्छता ऐन, २०८१ र त्रिवेणी गाउँपालिकाको दलित शसक्तिकरण ऐन, २०८१ र कार्यविधिहरु त्रिवेणी प्रज्ञा प्रतिष्ठान गठन सम्बन्धि कार्यविधि, २०८१, त्रिवेणी गाउँपालिका प्राकृतिक प्रकोप पीडित उद्धार तथा राहत सम्बन्धी मापदण्ड,२०७७, (प्रथम संशोधन २०८१), स्थानीय बजार व्यवस्थापन अनुगमण सम्बन्धी बनेको मापदण्ड,२०८१, शेयर लगानी सम्बन्धी कार्यविधि २०८१, शसस्त्र द्धन्द पीडितहरुको लभिलेख व्यवस्थापन, स्मारक निर्माण तथा जिविको पार्जन सुधार सम्बन्धि कार्यविधि, २०८१, अटो तथा इ-रिक्सा व्यवस्थापन कार्यविधि, २०८१, त्रिवेणी गाउँपालिकाको मर्यादित महिनावारी व्यवस्थापन कार्यविधि,

२०८१, गुनासो सुनुवाई सम्बन्धि कार्यविधि, २०८१, त्रिवेणी गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी संस्थागत संरचना व्यवस्थापन तथा परिचालन कार्यबिधि, २०८१, अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता कार्यविधि, २०८१ निर्माण भई कार्यन्वयनमा गएका छन्। प्राथामिकताका विषयहरु शिक्षा स्वास्थ्य रोजगारी सृजना कृषि उत्पादन पूर्वाधार निर्माण विपद व्यवस्थापन तथा पुनः निर्माण खानेपानी सिचाई विद्युत्तिकरण सामाजिक समावेशीकरण लैगिंक समानता सुशाषण सामाजिक न्याय जस्ता विषयहरु नै थिए। ति क्षेत्रमा भएका मुख्य कामहरु यस प्रकार सम्पन्न भएका छन्।

**शिक्षाः**

- शिक्षा क्षेत्रका भौतिक संरचना निर्माण अन्तर्गत बालबोध आ.वि र कालिका आ.वि दाङ्चुङ् ४ कोठे भवन निर्माण सम्पन्न भएको छ।
- त्रिवेणी मा.वि सिम्रुतुमा २ र ४ कोठे भवन निर्माण भैरहेका छ।
- हिमालय मा.वि ४ कोठे भवन र पर्खाल घेरावार निर्माण भैरहेका छ।
- जनप्रिय मा.वि मा ४ कोठे भवन र पर्खाल निर्माण भैरहेको छ।
- नमूना आ.वि तमाकछ्रे र यूवा जनजागरण आ.वि कूरल ४ कोठे भवन निर्माण भैरहेको छ।
- बालशिक्षा आ.वि गैरिनेटा २ कोठे भवन निर्माण सम्पन्न भएको छ।
- सरस्वति आ.वि फिल्ड, दिव्यचक्षु मा.वि घेरावार, सिम्रुतु क्याम्पस घेराबार पर्खाल निर्माण सम्पन्न भएका छन्।
- जनस्थापना आ.वि लाइत, जनहित आ.वि चौतारा र बालबोध आ.वि भम्के शौचालय निर्माण सम्पन्न भएका छन्।
- साधारण मा.वि मुरु डाँडा र यूवा जनजागरण आ.वि. कूरलमा फर्निचर निर्माणको काम सम्पन्न भएको छ।
- भिम कल्यान आ.वि बाँठाकोटमा सोलार र व्याकअप खरिद गरिएको छ।
- स्थानीय पाठ्यक्रम निर्माण गरेर र कार्यन्वयन गरिएको छ।
- कक्षा ८ को परिक्षा संचालनको व्यवस्थापन गरिएको छ।
- राष्ट्रपति रनिङ्ग शिल्ड सम्पन्न गरिएको छ।
- बालविकास सहजकर्ताको तालिम, आई.सि.टी तालिम संचालन गरिएको छ।
- कम्प्युटर कक्षा, स्मार्टबोर्ड, प्रयोगशाला थप गरी शिक्षालाई प्रविधि सँग जोड्ने प्रयास भएको छ।
- दिवा खाजा सुचारु भएको छ।
- समयमै विद्यार्थीको हातहातमा किताव पुगेको छ।
- एकिकृत पाठ्यक्रम प्रारारुप २०७६ अनुसारको शिक्षकहरुलाई तालिम दिइएको छ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- प्र.अ. हरुको लागि Real Plan कार्यान्वयनका लागि अभिमुखिकरण कार्यक्रम संचालन गरिएको छ। समयमै स्यानटरी प्याड उपलब्ध भएको छ।
- गाउँपालिका अनुदान शिक्षकको व्यवस्था शिक्षामा सुधारको प्रयास भएको छ।

**स्वास्थ्यः**

नागरिकलाई गुणस्तरिय स्वास्थ्य सेवा घर आगन बाटै उपलब्ध गराउने उद्धेश्यले एक वडा एक स्वास्थ्य चौकी संचालनमा आएका छन्। खोप केन्द्र र गाउँघर क्लिनिक मार्फत नियमित खोप कार्यक्रम सहज ढंगले सम्पन्न भएका छन्। गाउँपालिका अस्पतालबाट आँखा उपचार सेवा, भिडियो एक्सरे सेवा, ल्याव सेवा प्रदान भै रहेको छ। आर्युबेद शाखा मार्फत आयुबेद सेवा उपलब्ध भै रहेको छ। स्वास्थ्य स्वयमसेविका प्रोत्साहन कार्यक्रम, सुत्केरी पोषण कोशेली कार्यक्रम, आधारभूत औषधी खरिद र वितरण जस्ता कार्यक्रमहरु संचालन भएका छन्। मृगौला प्रत्यारोपन गराई रहेका, डाइलाइसिस गराइ रहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका २० जना विरामीलाई मासिक ५ हजार भत्ता उपलब्ध भएको छ। महामारी जन्य रोग रोकथाम अनुसन्धान र नियान्त्रण सम्बन्धि अभिमूखिकरण, समुदायलाई क्षयरोग सम्बन्धि अभिमुखिकरण, घरदैलो क्षयरोग खोज पडताल कार्यक्रम संचालन भएको छ। आधारभूत स्वास्थ्य सेवा केन्द्रको न्यूनतम मापदण्ड कार्यक्रम, स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चितता र दिगोपनका लागी स्वास्थ्य कर्मीद्धारा घरधुरी सर्वेक्षण, पालिकाबाट वडा भेरीफिकेशन, अनुगमण, प्रमाणिकरण, सुपरिबेक्षण भएको छ। मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवति उत्प्रेरक सेवा, न्यानो झोला, सुरुक्षित निशुल्क गर्भपनत र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम संचालन भएको छ। एच.पि.भि खोप अभियान तथा नियमित खोप संचालनको लागि स्वास्थ्यकर्मी तालिम, महिला स्वास्थ्य स्वयम सेविका अभिमुखिकरण, विद्यालय शिक्षक पालिका खोप समन्वय समितिको बैठक सम्पन्न भएका छन्। जुनोटिक रोग AMR सम्बन्धि पैरवी र अभिमुखिकरण डेगु लगायत किट जन्य रोग नियन्त्रणका लागी लामखुट्टेको बास स्थान नष्ठ गर्न विद्यालय शिक्षा कार्यक्रम, सरोकारवाला सँग अभिमुखिकरण र किटजन्य रोग नियन्त्रणका लागी डाटा भेरीफिकेसन गर्ने काम भएको छ। प्रजनन् रुग्नता स्वास्थ्य सेवा, परिवार योजना सेवा, पोषण कार्यक्रम, स्वास्थ्य शिविर, दिर्घरोगी उपचार सिफारिसका काम नियमित भएका छन्। विदेशमा मृत्यु भएका नागरीकलाई एम्बुलेन्स मार्फत निःशुल्क घरमा पुऱ्याउने, गर्भवति महिलाहरुलाई घर देखि स्वास्थ्य संस्था सम्म निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ।

**विपद तथा पुनःनिर्माणः**

२०८० कार्तिक १७ गते जाजरकोट केन्द्र बिन्दु भएर गएको भूकम्पको पुनःनिर्माणको काम आज सम्म पनि सुरु हुन सकेको छैन्। उक्त भूकम्पले नागरिकहरुका निजि आवास गोठ शौचालय विद्यालय भवन स्वास्थ्य भवन र अन्य सरकारी भवनहरु खानेपानी टयांकी विद्युतका पोल सडक लगायतका संरचनामा ठूलो क्षति पुऱ्याएको थियो। प्रारम्भिक डाटा अनुसार ५०६८ घरमा पूर्ण वा आंशिक क्षति पुगेको

थियो।त्यस मध्ये ४७२५ जनाले अस्थायी आवास निर्माण लागि पहिलो किस्ता रकम रु २५,००० का दरले रकम रु ११,८१,२५,००० वितरण गरिएको छ साथै दोस्रो किस्ता ४६३५ जनाको रु २५,००० का दरले जम्मा रु ११,५८,७५,००० गरि जम्मा रकम रु. २३,४०,००,००० उपलब्ध गराइएको छ भने ९० जनाले दोस्रो किस्ता पाउन बाँकी रहेको छ र २४३ जनाले दुबै किस्ता पाउन बाँकी छ।DDA को काम भरखर सम्पन्न भएको छ र त्यसको विवरण आउन बाँकी छ।भूकम्पको समयमा नेपाल रेडक्रस कर्णाली प्रशिक्षण प्रतिष्ठान, रोटरी इन्टरनेशनल एन् सेट, IOM लगायत विभिन्न गैरसरकारी संघसंस्था र व्यक्तिहरुबाट समेत विभिन्न सहयोग प्राप्त भएको कुरा अधिल्लो वर्ष समिक्षा भै सकेको छ।यस वर्ष चार वटा घरमा आगजानी र विदेशमा मृत्यु भएका नागरिकलाई निशुल्क घरमा पुऱ्याउने काम र राहत उपलब्ध भएको छ।मनसुन जन्य प्राकृतिक प्रकोपबाट २६ जना र दिर्घरोगी २० जना गरि जम्मा ४६ जनालाई राहत वितरण गरिएको छ।

**<u>कृषि तथा पशुपालनः</u>**

कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरणका लागि कृषकहरुको क्षमता अभिवृद्धि तथा प्रविधि हस्तान्तरण परियोजना मार्फत अनुदानमा कृषि उपकरण वितरण गरिएको छ।कृषकलाई फलफूल खेति र तरकारी खेति सम्बन्धि स्थलगत तालिम, तरकारी तथा च्याउको विऊ वितरण लगायतका कार्यक्रम गरिएको छ।मकै बाली प्रवर्द्धन, ओखर पकेट क्षेत्र कार्यक्रमबाट ओखरका विरुवा वितरण गरिएको छ।पशु स्वास्थ्य परिक्षण, औषधि उपचार, नियमित कृतिम गर्वाधानका साथै भैसी पकेट कार्यक्रम र बाख्रा पकेट कार्यक्रमबाट किसानलाई ५० प्रतिशत अनुदानमा भैसी र बाख्रा वितरण गरिएको छ।स्थानीय जातका बाख्राको नश्लसुधारको लागि उन्नत जातका बोका वितरण गरिएको छ।पशुपालन क्षेत्रको विकास गर्नको लागि पोषिला जातका घाँसको विउँ र वेर्ना वितरण गरिएको छ।गाउँपालिका भरी भेडा बाख्रालाई आन्तरिक तथा बाह्रय परिजिवी विरुद्ध औषधी खुवाउने र प्रथामिक पशु स्वास्थ्य सेवा संचालन सम्पन्न गरिएको छ।

**<u>सडक तथा पूर्वाधारः</u>**

- खारानेटा, विता डाँडा, झ्यामखोला, मुरुडाँडा सडक स्तरउन्नतिको काम भैरहेको छ।
- पैरेटा, इन्द्र, अर्माली डाँडा, ढुङ्गेघर, चौतरा नयाँ सडक ट्र्याक तथा स्तरउन्नतिको काम भैरहेको छ।
- चिनछरे, लसुने, करिलीखोरिया, बाँदरपानी नयाँ सडक निर्माणको काम भैरहेको छ।
- खारानेटा गाउँपालिका आउने सडक ढलान काम भई रहेको।
- सिम्रुतु रुघाँ दहभागे रोल्पा बागमारे सडक स्तरउन्नति काम सम्पन्न भएको छ।
- खौला माग्नेटी दयापोखरा मजाउ कृषि सडक निर्माण भएको छ।
- किमिरेमाटा जुगेपानी कृषि सडक निर्माण भएको छ।
- स्याल्टामोड देखि डाँरीघर सम्म कृषि सडक निर्माण भएको छ।

- कराक्जा खोला कृषि सडक निर्माण भएको छ।
- सानीपोखरी हुदै लाछिकोट जोड्ने सडक निर्माण सम्पन्न भएको छ।
- सिम्टाले ओराल राउटेबारा सडक मर्मत भैरहेको छ।
- बन्चरे धुम त्रिशुले सडक स्तरउन्नतिको काम सम्पन्न भएको छ।
- खारानेटा खोरबारे घोरेढुङ्गा सडक निर्माण सम्पन्न भएको छ।
- माझगाउँ स्वास्थ्य चौकी, गैरिखेत सडक स्तरउन्नतिको काम सम्पन्न भएको छ।
- झुल्नेटामा पैदलमार्ग निर्माण कार्य भैरहेको छ।
- १० वटै वडाका सडकहरु सरसफाइ गर्ने काम सम्पन्न भएको छ।
- मानटुरा, टुनीबोट, कलमबोट, सालघारी, गोरेटो बाटो ढलान गर्ने काम सम्पन्न भएको छ।
- साझारुख, काफ्लेखोली सडक स्तरउन्नतिको सम्पन्न भएको छ।
- लाखुरीबोट देखि बालचेतना आ.वि कालिमाटी सम्म सिडी निर्माण गर्ने काम सम्पन्न भएको छ।
- पेदीखेत पेउघा बाद्ने सडक निर्माणको काम भैरहेको छ।
- चौर बाह्रधार्ने पुरानपानी सडक निर्माण सम्पन्न भएको छ।
- सिम्रुतु विमैचा बाँदरपानी सडक स्तरउन्नतिको काम सम्पन्न भएको छ।
- सिम्रुतु खुम्चेरी लाइत सडक स्तरउन्नतिको काम सम्पन्न भएको छ।
- त्रिवेणी चक्रपथको सिम्रुतु कुरल खण्ड नयाँ ट्र्याकको काम सम्पन्न भएको छ।
- चौतारा आधारभूत स्वास्थ्य केन्द्र गैरिखेत सडक स्तरउन्नतिको काम सम्पन्न भएको छ।
- लामाखेत कुनवाङ सागरमोड सडक स्तरउन्नति र नयाँ ट्र्याक जोड्ने काम सम्पन्न भएको छ।
- बैरागी ठाँटी नुवाकोट सडक कालोपत्रे भईरहेको छ
- कुनबाङ खोला र खाराखोलामा सडक पुल निर्माण भएको छ।
- पूर्णगाउँ आधारभूत स्वास्थ्य चौकी ढुङ्गेघर ठारलेख बाटो सोलिङ्ग गर्ने काम सम्पन्न भएको छ।
- हाइबाङ्ग खोला झोलुंगे पुल निर्माणको कार्य चलिरहेको छ।
- जन्ता आवास कार्यक्रम मार्फत यस वर्ष ६ जना आवास विहिन नागरिकको घर निर्माणको काम सम्पन्न भएको छ।

**भवन तर्फः**

- त्रिवेणी गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भई औपचारिक उद्घाटन सम्पन्न भएको छ।
- त्रिवेणी गाउँपालिका अस्पतालको दायित्व रकम भुक्तानी गरिएको छ।
- वडा नं. ७ को वडा कार्यालय भवन निर्माण सम्पन्न भएको छ।
- शहिद स्मृति भवन निर्माणको काम त्रिवेणी २ सिम्रुतुमा सम्पन्न भएको छ।
- वडा नं. ६ को आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माणको काम सम्पन्न भएको छ।
- वडा नं. ८ को शिव मन्दिर र वडा नं. ६ को शिव मन्दिर निर्माणको काम सम्पन्न भएको छ।
- वडा नं. ३ मा सरस्वति आ.वि फिल्ड र गाउँघर क्लिनिक भवन निर्माण भएको छ।
- वडा नं. ५ मा आधारभूत स्वास्थ्य चौकी घेराबार र गाउँघर क्लिनिक घेराबारको काम सम्पन्न भएको छ।

- वडा नं. ७ मा बारिखोला काठेपुल निर्माण सम्पन्न भएको छ।
- वडा नं. ९ मा हिमालय मा.वि बालशिक्षा व्यवस्थापनको काम सम्पन्न भएको छ।
- वडा नं. १० मा काठे पुल र प्रतिक्षालय निर्माणको काम सम्पन्न भएको छ।
- सिम्रुतुमा प्रहरी पोष्ट निर्माणको काम सम्पन्न भएको छ।

**विद्युतिकरणः**

केन्द्रिय प्रसारण लाईनबाट त्रिवेणी गाउँपालिकाका १० वटै वडामा करिव ९५ प्रतिशत घरधुरीमा विद्युतिकरणको कार्य सम्पन्न भएको छ।

**खानेपानी तथा सरसफाईः**

संघ, प्रदेश र स्थानीय सरकारबाट खानेपानी तथा सरसफाई सम्बन्धि भएका महत्वपूर्ण योजनाहरु निम्न अनुसार छन्

- वडा नं. १ मा खानेपानी मर्मत तथा मुहान संरक्षण सम्पन्न भएको छ।
- वडा नं. २ मा पुरीटोल खानेपानी तथा मुहान संरक्षण र पधेरी खानेपानी तथा मुहान संरक्षणको काम सम्पन्न भएको छ।
- वडा नं. ४ मा जुब्रुङ खोला खानेपानी पाइप खरिदको काम सम्पन्न भएको छ।
- वडा नं. ६ मा खानेपानी पाइप खरिद र एक घर एक धारा कार्यक्रम सम्पन्न भएको छ।
- वडा नं. ७ मा बच्छिउँ खोला साधन बोट खानेपानी मर्मत र गैरिमुल, रिठ्याङ ओराल, गर्फु खानेपानी आयोजना सम्पन्न भएको छ।
- वडा नं. ८ मा नौघारी पूर्णगाउँ खानेपानी र पानीखोला गरेना खानेपानी माझगाउँ खानेपानी सम्पन्न भएका छन्।
- वडा नं. ९ मा निपाने लिफ्टिङ खानेपानीको पाइप खरिद र कालाखोला, घोर्लेकोट, नुवाकोट डाँडा खानेपानी काम सम्पन्न भएको छ।
- वडा नं. १० मा खानेपानी पाइप खरिद सम्पन्न भएको छ।
- कागढले उत्तेसेनी बाँदरपानी खानेपानी वडा नं. १ र २ मा सम्पन्न भएको छ।
- वडा नं. ७ मा तल्लो पतेरी तलिगाउँ खानेपानी आयोजनाको काम सम्पन्न भएको छ।
- भेडा खर्क सिम्रुतु बजार एक घर एकधारा कार्यक्रमको काम वडा नं. २ चलिरहेको छ।

**सिचाई तर्फः**

तल्लो मालुमेला टुनिबोट सिचाई त्रिवेणी ९, पल्लो बाटोगारे ओखरबोट सिचाई त्रिवेणी ५, बल्ले खोला सिन्तुबाङ्ग सिचाई त्रिवेणी १, भूर्तिबाङ्ग खोला सिचाई त्रिवेणी ७, लसुने, बाँदरपानी चिन्छरे लिफ्ट सिचाई त्रिवेणी २, गैरिखेत सिचाई त्रिवेणी १० आयोजनाहरु सम्पन्न भएका छन्।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

**<u>रोजगार शाखा तर्फः</u>**

आ.व. २०८१/०८२ मा  बेरोजगार ब्यक्तिको संख्या २००५ जना भएको मा रोजगार पाउने संख्या जम्मा ६२६ जना रहेको छ।बेरोजगारको तथ्यांक संकलन प्रधानमन्त्री रोजगार कार्यक्रमको १ वडा १ आयोजना कार्यक्रम मार्फत वेरोजगार यूवाहरुलाई रोजगारी प्रदान गरेको छ।प्रधानमन्त्री रोजगार कार्यक्रम १० वटै वडामा संचालन गरी बेरोजगार सुचिमा रहेका सामुदायिक आयोजना मार्फत जम्मा ७६ जनालाई १०० दिनको रोजगारी दिइएको छ।मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १० वटै वडामा जम्मा ६५० जना बेरोजगार ब्यक्तिलाई रोजगार प्रदान गरिएको छ।बैदेशिक रोजगारीको शिलसिलामा मृत्यु भएका ४ जना व्यक्तिको परिवारलाई क्षतिपूर्तिको लागि सहजिकरण गरिएको छ।बैदेशिक रोजगारीको शिलसिलामा बेपत्ता भएका १ जना व्यक्तिको उद्धारमा सहजिकरण गरिएको छ।बैदेशिक रोजगारीको लागि १० जनाको श्रम स्वीकृति गरिएको छ।

**<u>उद्यम विकास शाखाः</u>**

पुनः ताजकी (एडभान्स) सीप विकास तालिम अन्तर्गत ४५ दिन कटाइ सिलाई तालिम वडा नं ८ सम्पन्न भएको छ।नयाँ उद्यमी सिर्जना तर्फ तिन महिने कटाइ सिलाई सिप विकास तालिम वडा नं १ देखि ५ का सहभागीतामा वडा नं २ सिम्रुतुमा सम्पन्न भएको छ।प्रविधि हस्तान्तरण कार्यक्रम तर्फ वडा नं १० मा सरफ उत्पादन लघु उद्यमी समुहलाई प्याकेजिङ्ग र पिन्टिङ्ग मेसिन हस्तान्तरण गरियो।

**<u>महिला बालबालिका शाखाः</u>**

अपाङ्गता परिचय पत्र वितरण (क) वर्ग ४ जना, (ख) वर्ग १२ जना, (ग) वर्ग ५ जना, (घ) वर्ग ८ जना गरि जम्मा २९ जनालाई वितरण गरिएको छ।जेष्ठ नागरिक परिचय पत्र ४ जनालाई वितरण गरिएको छ।कर्णाली प्रदेश सरकारको बैक खाता छोरीको सुरक्षा जीवन भरिको कार्यक्रम मार्फत १६६ जनाको खाता संचालन भएको छ।महिला र दलितहरुको ५/५ दिने नेतृत्व विकास तालिम कार्यक्रम सम्पन्न भएका छन्।अन्तराष्ट्रिय महिला दिवस १० वटै वडामा सम्पन्न भएको छ।राष्ट्रिय सहकारी दिवस र ३ दिने कोकोमिस सम्बन्धि तालिम सम्पन्न भएको छ।आदिवासी जनजातिको भाषा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ।

**<u>पर्यटन तर्फः</u>**

त्रिवेणी गाउँपालिका झुल्नेटा बजार नजिक धुमभिरमा बहुवर्षिय ठेक्का प्रक्रियाद्धारा शहिद र जनयुद्धको इतिहास झल्काउने जनयुद्ध संग्रालय निर्माण कार्य भैरहेको छ।पर्यटन गुरुयोजना निर्माण भएको छ।कला संस्कृति संरक्षणमा जोड दिइएको छ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

**पञ्जिकरण शाखा तर्फः**

अन्य जेष्ठ नागरिक ११२५ जना, दलित जेष्ठ नागरिक १५८ जना, एकल महिला जेष्ठ नागरिक १२३ जना, विधुवा २८९ जना, पूर्ण अपाङ्गता भएका व्यक्ति ५० जना, अति अशक्त अपाङ्गता भएका व्यक्ति १८३ जना, क्षेत्र तोकिएका बालबालिका १९९७ जना, दलित बालबालिका ३८५ जना जम्मा सामाजिक सुरक्षा भत्ता खाने ४३१० रहेका छन्। जन्म दर्ता पुरुष २७३ जना र महिला २४५ गरि जम्मा ५१८ जना, मृत्यु दर्ता पुरुष ६९ जना र महिला ५१ जना गरि जम्मा १२० जना, सम्बन्ध विच्छेद दर्ता २२ जना, विवाह दर्ता १९७ जना, बसाई सरी आएको ६ घर परिवारका २२ जना र बसाई सरी जाने २६ घर परिवारका ९१ जना रहेको छ।

**न्यायिक समिति तर्फः**

जम्मा मुद्दा दर्ता १६ वटा भएका छन्। जस मध्ये मिलापत्र ७ वटा, जिल्ला अदालत सिफारीस १ वटा, वडा कार्यालय सिफारिस १ वटा र मुल्तवि ७ वटा मुद्दा रहेको छन्। जिल्ला अदालत र न्यायिक समिति कार्यपालिका मेलमिलाप केन्द्र नागरीक र कर्मचारी बिच न्याय सम्पादन सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।

- शहिद परिवारलाई सम्मान कार्यक्रम संचालन गरिएको छ। शहिद परिवारसंग विभिन्न समयमा अन्तरक्रिया छलफल कार्यक्रम संचालन भएको छ।
- क्लवहरुलाई खेलकुद कार्यक्रम प्रोत्साहन कार्यक्रम संचालन गरिएको छ।
- झुल्नेटा गैरिखेत सिम्रुतुमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो।
- त्रिवेणी गाउँपालिकाको प्रशासकीय भवनको औपचारिक उद्‌धाटन कार्यक्रम सफल भएको छ।
- नगर प्रहरी भर्ना र तालिम सम्पन्न भएको छ।
- १० शैयाको गाउँपालिका अस्पतालको भवन निर्माण कार्य चलिरहेको छ।
- यो वर्ष हालसम्म आन्तरिक राजश्व रु. ८८,४९,३१९.२१ संकलन भएको छ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

**सम्मानित सभाका सदस्य ज्यूहरु तथा उपस्थित महानुभाव ज्यूहरु,**

**अब म आगामी आ.व. २०८२/०८३ को विषय क्षेत्रगत नीति तथा कार्यक्रमलाई प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**(१) <u>सामाजिक विकास क्षेत्रः</u>**

**(क) <u>शिक्षा</u>**

"गुणस्तरीय शिक्षा हाम्रो अधिकार हाम्रो प्रयास" मान्यताका साथ निम्न अनुसारका निति लिइने छः

- भूकम्प प्रतिरोधि विद्यालय भवन, बालमैत्री शौचालय, सफा र स्वच्छ पिउने पानी, उपयुक्त खेलमैदान, पर्खाल, गेट, प्रतिक्षालय निर्माणका कामलाई प्रथामिकताका साथ अगाडि बढाइने छ।
- दरबन्दी मिलान गर्दै जाने, इ-हाजीरी व्यवस्था, बालमैत्री कक्षा कोठा, ICT कक्षा, विज्ञान प्रयोगशाला, पुस्तकालय, शिक्षक तालिम संचालन गरिने छ।
- वार्षिक कार्ययोजना सहितको क्यालेण्डर निर्माण गरि नियमित अनुगमण, निर्देशन, प्रोत्साहन र दण्ड र पुरस्कार गरिनेछ।
- स्थानीय पाठ्यक्रम सुदृढ गरि पाठ्यपुस्तक तयार गरिनेछ।
- विद्यालयमा नियमित अतिरिक्त क्रियाकलाप संचालन गरिनेछ।
- विद्यालयमा बाल क्लव स्काउट रेडक्रस सर्कल गठन गरिनेछ।
- सिम्रुतु क्याम्पसलाई बहुमुखि क्याम्पसका रुपमा विकास गरिनेछ।
- बाल शिक्षालाई व्यवस्थित र प्रभावकारी बनाईनेछ।
- आधारभूत तहसम्मको शिक्षा पूर्ण निःशुल्क र अनिवार्य गर्ने तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ।
- शहिदका बालबच्चा, द्वन्द्वपीडित, अपाङ्ग, टुहुरा, अतिविपन्न परिवारका बालबालिका छनौट गरी उच्च शिक्षा सम्म छात्रवृतिको व्यवस्था गरिनेछ।
- विद्यार्थीलाई अखाद्य बस्तु र जंग फुडबाट टाढा राख्ने दिवा खाजालाई मेनु बनाई गुणस्तरिय ताजा खाजा खुवाइने छ।
- योग शिक्षा संचालन गरिनुका साथै उत्प्रेरणा कक्षा संचालन गरिने छ।
- विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न र सीमान्कृत अशक्त अभिभाव विहिन वालवालिकाको शिक्षामा पहुच वृद्धि गर्न पालिकामा एकवटा आवाशिय नमुना विद्यालय स्थापना गर्न पहल गरिने छ।
- शैक्षिक क्षेत्रको गुणस्तरीयता वृद्धिगर्न र दिगो विकास लक्ष्य अनुसारको सतप्रतिशत साक्षरता पुर्याउन स्थानिय जन्ता, गैहसरकारी सँघसँस्था शिक्षाप्रेमी व्यक्तीहरुसँग समन्वय गरी अनौपचारीक कक्षा संचालन गरिने छ।

- सार्वजनिक शिक्षाप्रतिको दृष्टिकोणमा परिवर्तनगरी जिम्मेवारी अधिभावक वनाउन समुदाय परिचालन कार्यक्रम संचालन गरिने छ।
- कमाउदै पढदै कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिने छ।
- सँघ र प्रदेश सरकारसँगको समन्वयन र सहकार्यमा विद्यालयहरुमा ई हाजीरी, स्मार्ट वोर्ड लगायत अन्य प्रविधि प्रयोगमा ल्याइनेछ।
- छात्रछात्रालाई प्रजनन स्वास्थ्य र लैगिक समानता सम्वन्धी सचेतना कार्यक्रम संचालन गर्ने र छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड उपलव्ध गराइने छ।
- विद्यालयका भौतिक संरचना अपांग मैत्री, छात्रामैत्री, वालमैत्री वनाउनदै लगिने छ।
- कार्यसम्पादन सम्झौता गरी राम्रो काम गर्नेलाई प्रोत्साहन र नराम्रो काम गर्नेलाई दण्ड सहितको व्यावस्था गरिने छ।
- एकिकृत पाठ्यक्रम प्रारुप २०७६, को उद्देश्य पुरा गर्न सबै शिक्षकलाई एकिकृत पाठ्यक्रम सम्बन्धि तालिम संचालन गरिने छ।
- माध्यामिक शिक्षा उतिर्ण विद्यार्थीलाई सिपमुलक उद्यमशिल तालिम संचालन गरिनेछ
- उच्च शिक्षा पुरा गरि रिसर्चका लागि आउने विद्यार्थीलाई आर्थिक सहयोग गरिनेछ
- मार्सल आर्ट लगायतका खेलहरुलाई प्रोत्साहन गर्न कार्यविधि बनाएर विद्यालयमा शिक्षक व्यवस्थापन गर्न सकिने छ।
- पालिका स्तरमा ए ग्रेड माथि ल्याउने विद्यार्थीलाई पुरस्कृत गर्ने निति लिइनेछ।

**(ख) <u>स्वास्थ्य</u>**

**"स्वस्थ गाउँपालिका निरोगी गाउँपालिका"**

- नेपाल सरकारले निःशुल्क वितरण गर्ने भनि तोकेका सम्पूर्ण औषधी र आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क र प्रभावकारी तुल्याइने छ।
- आयुर्वेद उपचार केन्द्रलाई सुदृढ गर्दै प्राकृतिक उपचार केन्द्रको स्थापना गर्न पहल गरिनेछ।
- टेलिमेडिसियन सेवा संचालन गरी उपचार गरिने छ।
- सबै उमेर समूहका नागरिकहरुको स्वास्थ्य आवश्यकतालाई ध्यानमा राखी मातृ शिशु स्वास्थ्य, किशोर किशोरी मैत्री स्वास्थ्य सेवा, यौनशिक्षा तथा प्रजनन् स्वास्थ्य, परिवार नियोजन, दीर्घरोगी, एच्.आई.भी. पीडित लगायतका क्षेत्रमा कार्यक्रम निर्माण गरी लागु गरिनेछ।
- अतिविपन्न घरपरिवार छनौट गरी निःशुल्क स्वास्थ्य विमा गरिनेछ।
- गर्भवती महिलाहरुलाई पालिका भित्रका स्वास्थ्य संस्था सम्म पुर्याउन निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ र कुनै कारण बस एम्बुलेन्स नपाइएमा अन्य तरिकाबाट स्वास्थ्य संस्थामा



शिवनाथ गाउँपालिका, रुकुम (पश्चिम)

पुऱ्याएको भएमा वडाको सिफारिसको आधारमा गाउँपालिकाले यातायात खर्च स्वरुप रु ३००० उपलब्ध गराउने छ।

- विभिन्न महामारी, सरुवा रोग नियन्त्रणको लागि स्वास्थ्य कर्मीको अग्रसरता र नागरिक सचेतनामा जोड दिइनेछ।
- आवश्यकता र माग अनुसार विद्यालयहरुमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिने छ। प्राथमिक उपचारका स्वास्थ्य सामाग्री र किशोरीहरुलाई सेनिटरी प्याड उपलब्ध गराइने छ।
- स्वास्थ्य महिला स्वयं सेविकालाई यातायात, पोशाक र प्रोत्साहन खर्चको व्यवस्था गरिनेछ।
- आमा समूहलाई स्वास्थ्य सम्बन्धि तालिम दिइने छ।
- गाउँपालिकामा मनोसामाजिक परामर्श सेवा संचालन गरिनेछ।
- जेष्ठ नागरिक, अपाङ्ग, अशक्तलाई घरदैलो स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।
- पूर्ण खोपयुक्त गाउँपालिका घोषणा प्रक्रियालाई निरन्तरता दिइनेछ।
- आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच वृद्धि गर्न भौतिक पूर्वाधारमा सुधार गरी प्रविधि मैत्री वनाइने छ।
- साधन स्रोत र जनशक्ति व्यवस्थापनमा जोड दिइने छ।
- नेपाल सरकारको मापदण्ड अनुसार स्वास्थ्य संस्थाहरुको स्तर कायम गर्न जनशक्ति व्यवस्थापन, पेशागत दक्षता वृद्धि गर्न समयानुसार तालीम संचालन गरिने छ।
- नागरिकहरुलाई स्वास्थ्य तथा सरसफाई मापदण्डको सचेतना पूर्व परिपालना गराउनका लागी समुदायमा जनचेतना अभिवृद्धिका कार्यक्रम संचालन गराइने छ।
- प्राकृतिक तथा मानवीय प्रकोप पश्चात उत्पन्न हुनसक्ने महामारी नियन्त्रण तथा व्यवस्थापनका लागी पूर्व तयारीका कार्यक्रम संचालन गरिने छ।
- पोषणको अवस्था सुधार गर्न 'एक घर एक करेसावारी' कार्यक्रम संचालन गरिने छ।
- गर्भवती महिलालहरुको लागी गाउँमै गएर 'निशुल्क भिडियो एक्सरे तथा प्रयोगशाला परिक्षण' गरिनेछ।
- खोप सेवा व्यवस्थित र प्रभावकारी रुपमा संचालन गरी वाल मृत्युदर, मातृ मृत्युदरमा प्रभावकारी सुधार गरिने छ।
- बर्थिङ सेन्टरको सेवा गुणस्तरीय र भरपर्दो गराउन सामग्री व्यवस्थापन SBA तालिम प्राप्त ANM को व्यवस्थापन, स्वयंसेविकाहरुको क्षमता वृद्धि, आमासमुह परिचालन कार्यक्रम संचालन गरिने छ।
- विशेषज्ञ सेवासहितको घुम्ती स्वास्थ्य शिविर संचालन गरिने छ।
- फोहोर मैलाको उचित व्यवस्थापन गरिने छ।

- छोराछोरी विचको विभेद कम गर्न लिङ्ग पहिचान गरि गर्भपतन गराउने कुसंस्कारलाई निरुत्साहन गर्न सचेतना कार्यक्रम संचालन गरिने छ।
- कुपोषित गर्भवती तथा सुत्केरी आमा वच्चालाई विशेष पोषण कार्यक्रम संचालन गरिने छ।
- सुर्तिजन्य, मदिराजन्य र लागुऔषधजन्य पदार्थको प्रयोगलाई निरुत्साहित गरिने छ।
- स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई अतिरिक्त कामको आधारमा प्रोत्साहन सुविधा उपलव्ध गराइने छ।
- पोषणयुक्त आहारमा लगानी गर्ने वानीको विकास गर्ने वालवालिकाको पोषण स्थितिमा सुधार ल्याउन जनचेतना अभिवृद्धि गरिने छ।
- आयातित वस्तुहरुको प्रयोगलाई न्यूनिकरण गर्दै स्थानिय परिवेश अनुकूल उपलब्ध खाद्यपदार्थ फलफुल तथा हरियो तरकारी उत्पादन तथा उपयोग गर्ने वानीको विकास गराउदै लगिने छ।
- कुपोषण न्यूनिकरण गर्न र गुणस्तरीय एंव स्वास्थ्य बर्द्धक खाद्य पदार्थको पहुँच सुनिश्चित गरी उपभोग गर्ने स्वास्थ्य वानी र व्यवहार प्रवर्द्धन गर्दै लगिने छ।
- प्राकृतिक तथा मानवीय विपदका कारण उत्पन्न हुन सक्ने खाद्य संकट न्यूनिकरणलाई संवोधन गर्न खाद्यवैंकको स्थापना गरिने छ।
- सुनौला हजार दिन सम्वन्धी जनजागरण अभियान संचालन गरिने छ।

**(ग) <u>खानेपानी तथा सरसफाई</u>**

- "पिउने पानी पहुँचमा स्वच्छता र शुद्धता, एक घर एक धारा त्रिवेणी गाउँपालिकाको प्रतिवद्धता" भन्ने नाराका साथ स्वच्छ सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी योजना निर्माण तथा सरसफाई सेवामा आम नागरिकको पहुँच स्थापित गरिनेछ।
- आ.व. २०८२/०८३ लाई त्रिवेणी गाउँपालिकाले खानेपानी तथा सरसफाइलाई उच्च प्राथामिकता दिई खानेपानी तथा सरसफाई वर्षको रुपमा मनाइनेछ र खानेपानी योजनाको मर्मत संभार गरी सुचारु गर्दै पूर्ण सरसफाईका क्रियाकलापहरुलाई अभियानकै रुपमा संचालन गरी विद्यालयहरुलाई तिन ताराको स्तरमा लैजान विद्यालय परिवारलाई प्रोत्साहन गर्ने निति अवलम्वन गरिनेछ।
- मानव मलमुत्र तथा फोहोर पानी व्यवस्थापन गरी मानव तथा वातावरणीय स्वच्छता कायम गराउन, आयोजनाहरु समयमै सम्पन्न गराउन र व्यवस्थित रुपमा दिगो आयोजना निर्माणमा जोड दिइने छ। फोहोर पानीको उत्सर्जन दुरुपयोग न्यूनिकरण गर्ने र फोहोर पानीको व्यवस्थापनमा जोड दिइनेछ।
- अत्यावश्यकीय खानेपानी आयोजना पहिचान गरी प्राथामिकताका आधारमा सम्पन्न गर्दै जाने र जलवायु अनुकुल हुने र विपद न्यूनिकरण गर्ने, आयोजनाको दिगोपनमा ध्यान दिनुका साथै यस विषयमा जनचेतना अभिवद्धि गरिनेछ।

- एक घर एक धारा निर्माण कार्यलाई अभियानको रुपमा संचालन गरिने छ।
- खानेपानी स्रोतको दिगोपना तथा सरसफाईका लागि मुहान संरक्षण, मुहान वरिपरी वृक्षारोपन, मर्मत सम्भार, साना आयोजना निर्माण, ढल निकास, डम्पिङ्ग साइट निर्माणका कार्यलाई सामाजिक कार्यमा आधारित रही जनसहभागितामा संचालन गरिने छ।
- पूर्ण सरसफाइयुक्त गाउँपालिका निर्माण गरिने छ।
- खानेपानी ट्याङ्की तथा पाइप काटी क्षति पुर्याउने, पानी चुहावट गर्ने, आफू खुसी गर्ने र अभाव श्रृजना गर्ने कार्यलाई निरुत्साहित गरिनेछ।
- 'स्वास्थ्य र निरोगी जिवनको मूलआधार सुरुक्षित खानेपानी तथा सरसफाई पूर्वाधार' भन्ने सोचका साथ पानीका मुहान पहिचान गर्ने, अभिलेखीकरण गर्ने, संरक्षण गर्ने, घेरावार गर्ने, मुहान वरिपरि वृक्षारोपन गर्ने, जलवायु परिवर्तनका असरवारे जनचेतना मूलक कार्यक्रम संचालन गरिने छ।
- स्वच्छ शुद्ध र सुरुक्षीत खानेपानी उपलब्ध नभएको परिवारलाई प्राथामिकता दिई नयाँ खानेपानी योजना निर्मान गरिने छ।
- निर्मित संरचनाको मर्मत संभार र व्यवस्थापनको लागि कार्यक्रम संचालन गर्न मर्मत कोषको स्थापना गरिनेछ।
- खानेपानीको आपूर्ती सहज वनाउन वहावको स्रोत नभएका ठाँउमा आधुनिक लिफ्टीङ्ग प्रविधिको प्रयोगगरी पिउने पानी उपलब्ध गराइने छ।
- घर, आगन, टोल, छिमेक र समाजलाई सरसफाई तथा सौचालय प्रयोग गर्न कडाई गरिने छ, वजारक्षेत्र सफा राखिने छ, फोहरमैला गर्नेलाई आर्थिक जरिवाना गरिने छ।
- कुवा पोखरी पानीका मुहान खोला नालामा फोहर गर्न नपाइने र भत्काउन विगार्न नपाउने गरि कार्ययोजना बनाइने छ।
- सार्वजनिक स्थलमा सौचालय निर्माण गर्न वजार क्षेत्रले फोहोर फाल्ने ठाउँको व्यवस्था गरिने छ।
- सरसफाई लाई हरेक नागरिकको कर्तव्य को रुपमा ग्रहण गर्न लगाईने छ।
- खानेपानीमा र सरसफाईमा कामगर्न चाहने गैर सरकारी संस्थाहरुसँग सहकार्य समन्वय गरी कार्यक्रम संचालन गरिने छ।
- फोहोर मैलार प्रदुषणमूक्त गाउँ निर्माणका लागी पालिका भित्र फोहोरमैला व्यवस्थापन गुरुयोजना निर्माण गरी लागू गरिने छ।
- ढल निकासको व्यवस्था गरिने छ।
- वजारक्षेत्रमा डम्पिङ्ग साइड निर्माण गरिने छ।

**(घ) सामाजिक तथा साँस्कृतिक प्रवर्द्धन**

- त्रिवेणी गाउँपालिका भित्र रहेका ऐतिहासिक, साँस्कृतिक सम्पदा, लोककला, साहित्य र संस्कृतिको प्रवर्द्धन गर्दै साँस्कृतिक कलाकर्मीहरुलाई उचित किसिमले प्रोत्साहन गरिनेछ।
- परम्परागत मौलिक कला संस्कृति भाषा र परम्पराको जर्गेना गर्न विभिन्न जातजातिको भाषाकला संस्कृतिको संरक्षण र प्रर्वधनमा निरन्तर सहयोग गरिने छ।
- सँस्कृति संरक्षण र प्रवर्द्धनका लागि त्रिवेणीमा भएका सिंगारु नाच, पञ्चेबाजा, मेलापर्व, दिवसहरुलाई समय अनुकूल परिमार्जन गर्दै जाने र साँस्कृतिक समूह गठन गरी परिचालन तथा संरक्षणमा जोड दिइनेछ।
- गाउँपालिका भित्र हुने कार्यक्रममा स्थानीय मौलिक संस्कृति र साधनहरुको उपयोग गरी संस्कृतिक डकुमेन्ट्री निर्माण गरिने छ।
- ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाको खोज अन्वेषनमा जोड दिने र यसतर्फ लाग्ने व्यक्ति तथा समूहलाई प्रोत्साहित गरिनेछ।
- जनयुद्ध संग्रालय, मितेरी संग्रालय लगाएत धार्मिक स्थलहरुको संरक्षण र सम्वर्द्धन गरिनेछ।
- सबै धर्म, जातजाति र धार्मिक समुदायका परम्परा संरक्षण र प्रवर्द्धनमा जोड दिइनेछ।
- सामाजिक दुर्व्यसन र अपराध नियन्त्रण गर्न सर्वपक्षिय समन्वय गरी कार्यक्रम संचालन गरिनेछ।
- त्रिवेणी प्रज्ञा प्रतिष्ठान मार्फत साहित्य र संस्कृति संरक्षण सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

**(ङ) सामाजिक सुरक्षाः**

- दलित तथा विपन्न व्यक्ति तथा परिवारको आवास तथा जनजिविका सुनिश्चित गर्न आवश्यक कार्यक्रम तय गरिने छ।
- महिला हिंसा तथा घरेलु हिंसामा परेका बालबालिका र वृद्धवृद्धाको अवस्थामा सुधार ल्याउन कानूनको प्रभावकारी कार्यन्वयन, महिला जागरण तथा सशक्तिकरण कार्यक्रमहरु संचालन गरिनेछ।
- वृद्ध, अपांग, अशक्त र असायहरुको आत्म सम्मानको लागि उनीहरुको प्रकृति अनुसारका आयआर्जनका कार्यक्रमहरु संचालन गरिने छ।
- कानूनी रुपमा तोकिएको सामाजिक सुरक्षा भत्ता समयमै उपलब्ध गराइने छ।
- सामाजिक लैगिंक तथा जातिय विभेद अन्त्य गर्न सो अनुकुल योजना र गतिविधि अघि बढाइने छ।
- सामाजिक सुरक्षा र संरक्षण मार्फत उत्पीडित तथा कमजोर वर्गको शसक्तिकरण गरिने छ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित बनाउन कोष देखि शोक सम्म कार्यक्रम संचालन गरिने छ।जसमा बच्चा जन्मिदा स्वास्थ्य संस्थासम्म पुऱ्याउन निशुल्क एम्बुलेन्स सेवा र अति विपन्न

नागरीकहरुलाई मृत्यु संस्कारमा वडाको सिफारिमा विपद शाखा मार्फत खर्च रु. ३००० सम्म आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ।

- अति विपन्न, असाहाय, अशक्त र दिर्घरोगी, मुटुरोगी, मृगौला रोगी, क्यान्सर रोगीहरुको अवस्था हेरी पालिकाले उपचारको लागी थप आर्थिक सहायता उपलब्ध गराईनेछ।
- सामाजिक साँस्कृतिक रुपान्तरण अभियान मार्फत बालविवाह, बहुविवाह, महिलाहिंसा जातिय भेदभाव, लागुऔषध, दुर्व्सन नियन्त्रण जस्ता सामाजिक कुप्रथा, कुरिति, विसंगति र विकृति विरुद्ध जनचेतना अभिवृद्धि  र कानूनी उपायलाई एकिकृत प्रयोग गरी प्रभावकारी सुधार गरिने छ।
- घरेलु हिंसा न्यूनीकरण गर्न कानूनी परामर्श जनचेतना मुलक सन्देश प्रवाह र अन्य सामाजिक चेतना अभिवृद्धिका कार्यक्रम संचालन गरिने छ।
- महिला नेतृत्व विकास, आर्थिक आत्मनिर्भरता, क्षमता अभिवृद्धि र शसक्तिकरणका कार्यक्रम संचालन गरिने छ।
- बालअधिकार अन्तर्गत बालबचाउ, बालविकास, बालसहभागिता र बालसंरक्षण जस्ता कार्यक्रम संचालन गरी बालबालिकाको सर्वाङ्गिन विकासमा जोड दिइने छ।
- विद्यालय व्यवस्थापन समिति र स्वास्थ्य समितिमा बाल सहभागिताको सुनिश्चितता गर्ने।
- प्रत्येक वर्षमा २ पटक प्रत्येक वडा स्तरिय निःशुल्क बाल स्वास्थ्य परीक्षण कार्यक्रम संचालन गर्ने।
- जेष्ठ नागरिकहरुलाई मर्यादित एंव सम्मान जनक सामाजिक जीवन यापनका लागि वृद्ध चौतारी, जेष्ठ नागरीक सम्मान, घरदैलो स्वास्थ्य उपचार जस्ता कार्यक्रम संचालन गरीने छ।

**(च) <u>बजार व्यवस्थापनः</u>**

- बढ्दै गएको सवारी साधनको चाप र सडक अतिक्रम गरि घर टहरा निर्माण गर्ने प्रवृति बढ्दै गएकोले सडक दुर्घटनाको जोखिम पनि बढ्दै गएकोले नियम अनुसार सेटव्याक छोडेर मात्र घर टहरा निर्माण गरिने छ र सडक अतिक्रम गरी निर्माण गरेका संरचनाहरु हटाइने छ।
- झुल्नेटा र सिम्रुतु बजारमा सडकको दायाँबायाँ २ मिटरको पैदल मार्ग निर्माण गरी पैदल यात्रीलाई सहज आवातजावतको वातावरण बनाइने छ।
- सडकमा हाँस कुखुरा छोड्ने निर्माण सामाग्री छड सिमेन्ट बालुवा ढुङ्गा गिट्टि जथाभावी फाल्ने सडकमा फोहोर फाल्ने जो कोहिलाई रु १० हजार सम्म जरिवाना गरिनेछ।
- सिम्रुतु बजार मुरुखोला पुल देखि खारा जाने सडक मोड भित्र टिकट काउन्टर राख्ने यात्रु चढाउने ओराल्ने कार्य गर्न निषेध गरिएको छ।त्यसो गरेको पाइएमा टिकट काउन्टरवाला र गाडिवालालाई पटकै पिच्छे १ हजार देखि १० हजार सम्म जरिवाना गरिने छ।

(छ) <u>भूकम्प पुन निर्माणः</u>

- संघ प्रदेश सरकार संग समन्वय गरि भूकम्प पुनः निर्माणको कार्यलाई अगाडि बढाइने छ।
- नक्सा पास र घर अभिलेखिकरणलाई अनिवार्य गरि भूकम्प प्रतिरोधि भवन संरचना निर्माण गरिने छ।

(ज) <u>खेलकूद मनोरञ्जनः</u>

- **"राष्ट्रको लागि खेल, स्वास्थ्यको लागि खेल"** भन्ने नारा लाई व्यवहारमा कार्यान्वयन गरी खेल मार्फत मनोरञ्जन, तन्दुरुस्ती र आर्थिक आयआर्जन गर्ने वातावरण श्रृजना गरिनेछ।
- 'एक वडा एक खेल मैदान' निर्माणमा जोड दिइने छ।
- खेल क्षेत्रका कामलाई प्रोत्साहित गरी क्रिकेट, फुटबल, भलिबल, ब्याडमिन्टन, एथलेटिक्स लगायत खेलका लागि खेलकूद मैदान निर्माण तथा युवाहरुलाई तालिमको व्यवस्था गरिने छ।
- खेल क्षेत्रका कामलाई प्रोत्साहित गर्ने, स्काउट जस्ता संस्थालाई विद्यालयमा जोड्ने, क्रिकेट, फुटबल, भलिबल, ब्याडमिन्टन, बास्केटबल, कवड्डी, मार्सल आर्ट जस्ता खेलको लागि उपयुक्त स्थान छनौट र तालिम प्रशिक्षणको व्यवस्था गरिनेछ।
- विद्यालय उमेर देखि नै बालबालिकालाई खेलकुदमा प्रेरित गर्न समय समयमा खेलकुद प्रतियोगिताहरु संचालन गरिने छ।
- खेलकुदलाई विद्यालय शिक्षाको अभिन्न अंग बनाई यूवा कलव र उनीहरुका खेलकुद क्रियाकलापलाई प्रोत्साहन गरिने छ।
- युवाहरुका लागि खेल, मनोरञ्जन, ज्ञानसीप र उत्पादन मुलक क्षेत्रको विकास गरिनेछ।

(झ) <u>लैंगिक समानता र सामाजिक न्याय</u>

- महिलालाई पैतृक सम्पत्ति लगायत समग्र राज्यका सबै क्षेत्रमा विशेष अधिकार सहित समान सहभागिताको ग्यारेन्टी गरिनेछ।
- महिलाहरुलाई कुनै पनि पेशामा निर्वाद रुपमा लाग्ने र समान कामको समान ज्याला पाउने वातावरण श्रृजना गरिनेछ।
- अपाङ्ग परिचय पत्रको आधारमा सामाजिक सुरक्षा भत्ता तथा सीपमुलक तालिमको व्यवस्था गरिने छ।
- लैंगिक हिंसा अन्त्य गरी हिंसामा परेका महिलाहरुलाई निःशुल्क कानूनी सेवा उपलव्ध गराइने छ।
- जेष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम तथा देश दर्शन कार्यक्रम संचालन गर्ने व्यवस्था गरिनेछ।
- सबै प्रकारका बालश्रमको अन्त्य गरिनेछ।
- सामाजिक कुरीति र कुसंस्कार विरुद्ध कानूनी र सचेतना मार्फत सामाधानमा जोड दिइने छ।

- बालविवाह, बहुविवाह, जाँडरक्सी, जुवातास, बोक्सी, धामी, जादुटुना, लागु पदार्थ ओसार पसार, महिला बेचविखन लगायतका गैरकानुनी कार्यको अन्त्य गरिने छ।
- लघु उद्योगको विकास गरी महिला, दलित तथा सीमान्तकृत समुदायको लागि स्वरोजगारको व्यवस्था गरिने छ।
- दलितहरु माथि हुने सवै प्रकारका छुवाछुत र भेदभावको पूर्ण उन्मुलन गरी सामाजिक सदभावयूक्त सभ्य समाज निर्माण गरिने छ।
- विकासका लागि समतामूलक राष्ट्र निर्माण गर्नु संविधानको मूलमर्म भएकोले लैंगिक समानता, महिला शसक्तिकरण, बालबालिकाको संवेगात्मक विकास, किशोर किशोरी सचेतना जस्ता कार्यक्रम संचालन गरिने छ।
- महिलाहरुको आर्थिक, सामाजिक सशक्तिकरणका लागि व्यवसायिक सीप विकास तथा उत्पादनशिल विकासका कार्यक्रम संचालन गरिने छ।
- सेवा, सुविधा र अवसरहरुको विवरणमा समावेशिकरण र समन्यायिक नीति अवलम्वन गरिने छ।
- सामाजिक रुपमा पछी  पारिएका बहिकृत तथा सिमान्तकृत समुदायलाई केन्द्र विन्दुमा राखिने छ।
- जात, धर्म, वर्ण, लिङ्ग र वर्गका आधारमा हुने भेदभाव अन्त्य गर्दै सबैले सामाजिक सम्मान पाउने वातावरण सृजना गरिने छ।

**(ञ) <u>सूचना तथा प्रविधि तर्फः</u>**

- गाउँपालिका अन्तर्गत रहेका कार्यपालिका सदस्यहरु, वडाका कर्मचारी तथा प्र.अ. हरुलाई ICT सम्बन्धी तालिमको व्यवस्था गरिने छ।
- स्थानीय तहको विकास र स्थानीय सरकारको भिजन तथा हालसम्मका उपलब्धिहरुलाई सधैंभरि स्मरणिय बनाई राख्नको लागि यस गाउँपालिकाको एउटा प्रभावकारी Documentary Video निर्माण गर्नको लागि आवश्यक पहल गरिने छ।
- गाउँपालिका कार्यालयमा  डिजिटल सूचना पाटी र सेमिनारका लागी Interactive Smart Board को व्यवस्था गरिने छ।
- सवै वडा कार्यालय र स्वास्थ्य चौकीहरु, मुख्य बजार क्षेत्रहरुमा CCTV Camera जडान गरी नियमित अनुगमन गर्ने प्रणालीको विकास गरिने छ।
- पालिका अन्तर्गतका माध्यामिक विद्यालयहरुलाई प्रविधिमैत्रि बनाउन Interactive Smart Board जडान गरि शैक्षिक क्रियाकलापहरु संचालन गरिने छ।
- National ICT Day ( May 2) मा ICT सम्बन्धि विशेष कार्यक्रम गरी मनाउने व्यवस्था गरिने छ।
- गाउँपालिकालाई सूचना प्रविधि मैत्री बनाउँन नयाँ प्रविधिहरुको प्रयोगमा जोड दिईने छ।

- सूचनाको हक प्रेस स्वतन्त्रता तथा सुशासन प्रबर्द्धनका लागि पत्रकारहरुको सहभागितामा सार्वजनिक सुनुवाई वृतचित्र निर्माण तथा प्रशारण र प्रकाशनमा जोड दिईनेछ।
- स्थानीय सञ्चार माध्यम तथा पत्रकारहरुको लागि संचार समाग्री खरिदको व्यवस्था गरिने छ।
- स्थानीय सञ्चार माध्यम तथा पत्रकारका लागि लोक कल्यानकारी विज्ञापन वितरण गरिने छ।

**(२) <u>आर्थिक विकास क्षेत्र</u>**

गाउँपालिका भित्र विद्यमान जमिन, जंगल, जलजडीबुटी तथा खनिजको समुचित उपयोगको समुचित उपयोगको वातावरण सृजना गर्दै कृषि पशुपालन पर्यटन, उर्जा, उद्योगको क्षेत्रगत विकासको माध्यमबाट उत्पादन रोजगारी तथा आयमा समतामुलक दिगो र गुणात्मक विकास गर्ने उद्देश्यका साथ तपशिलका कार्यक्रम गरिने छ।

**(क) <u>कृषि तथा पशुपालन</u> "त्रिवेणी गाउँपालिकाको आत्मनिर्भरताका लागि कृषिको व्यवसायिकरण"**

- त्रिवेणी बासीको मुख्य पेशा नै कृषि भएकाले कृषिलाई आधुनिकीकरण, व्यवसायिकरण र उत्पादित वस्तुहरुको बजारीकरण गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने संघ र प्रदेशबाट प्राप्त हुने वित्तिय स्रोतको प्रभावकारी परिचालन गरिने छ।
- कृषकहरुलाई औजार खरिद, मल तथा उन्नत बीउबिजन खरिद गर्न अनुदान र प्राविधिक सेवा प्रदान गर्ने नीति अवलम्वन गरिने छ।
- कृषक सहकार्य समूह र सहकारीहरुलाई सहुलियत व्याजदरमा ऋण उपलव्ध गराउने व्यवस्था मिलाउन बैंक तथा वित्तिय संस्थासंग सहजीकरण गरिने छ।
- एक कृषक १० फलफूलका विरुवा लगाउने अभियान संचालन गरिने छ।
- श्रम रोजगार र उत्पादनलाई केन्द्रमा राखेर एक वडा एक नमूना उत्पादन कार्यक्रम संचालन गरिने छ।
- कृषकहरुलाई प्रोत्साहन गर्न घर दैलो कृषि प्राविधिक सेवा संचालन गरिनेछ।
- उत्पादित वस्तुको बजारीकरण गर्ने गरी निजी क्षेत्र तथा सहकारी संग सहकार्य गरी काम अगाडी बढाइने छ।
- सामुदायिक कृषि सेवा केन्द्र गठन गरिने छ।
- भरखर जन्मेका पाडापाडी हत्या गरी खानेकुरालाई निरुत्साहित गरिने छ, पाडा संग भैंसी/गाई पालन गरी दूध खाईरहेको किसानलाई पशु सेवा कार्यालयबाट प्रोत्साहन उपलब्ध गराईने छ।
- कृषकले उत्पादन गरेको वस्तु उपर अनुदान दिने व्यवस्था लागु गरिने छ।
- कृषि उपज संकलन केन्द्र मार्फत किसानले उत्पादन गरेका वस्तु बजार सम्म पुऱ्याउने व्यवस्था गरिने छ। उत्पादित वस्तु विग्रेमा वा नष्ट भएमा राहत्तको व्यवस्था गरिनेछ।
- कृषि मेला प्रर्दशनी आयोजना गरी उत्कृष्ट हुने किसानलाई पुरस्कारको व्यवस्था गरिने छ।



त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- जंगली जनावरहरु जस्तै बाँदर, भालु, वदेल, दुम्सी वाट बाली जोगाउँन कृषक र सरकारको साझेदारी अनुदानमा बाली विमा कार्यक्रम संचालन गरिने छ।
- स्थानीय तहमा आर्थिक विकास रणनिति निर्माण गरि लागु गरिने छ।
- त्रिवेणी गाउँपालिकालाई नमुना गाउँपालिकाको रुपमा स्थापित गर्न वडा नं.६ वाट नमुना अभ्यास अगाडी वढाइने छ।
- "पालौं पशु कमाऊ धन" भन्ने नाराका साथ पशुपालन पकेट क्षेत्र, ब्लक निर्माण गरी मासु, दूध उत्पादन गरी आयआर्जन गर्ने अवसर श्रृजना गरिने छ।
- व्यवसायिक बाख्रा पकेट क्षेत्रमा चरिचरणको समस्या हल गर्न सामुदायिक वन उपभोक्ता समिति र जिल्ला वन कार्यालय संग समन्वय गरी बाख्रा चरण क्षेत्रमा चरण संरक्षण तथा विकास कार्यक्रम संचालन गर्ने।
- निशुल्क पशु विमा गरिने छ। दूध उत्पादनका लागि उन्नत जातका गाई, भैसी पालन गर्ने परिश्रमी किसानलाई साझेदारीमा उन्नत गाई भैसी उपलब्ध गराइने छ।
- वस्तु उत्पादकको आधारमा सरकारले अनुदानको ब्यवस्था गरिने छ।
- उत्कृष्ट किसान छनौट गरी पुरस्कृत गरिने छ।
- खसी बोका राँगा पालन गर्ने किसानलाई पशु चिकित्सक प्राविधिक सेवा उपलब्ध गराइने छ।
- स्थान विशेषको विशेषताको आधारमा तरकारी, खाद्यान्न, फलफूल, जडीवुटी उत्पादन पकेट क्षेत्र तोकी काम अगाडि बढाइने छ। किसानहरुलाई सोही अनुसार प्राविधिक सेवा र औजारमा अनुदानको व्यवस्था गरिने छ।
- कृषि प्रविधि र प्राविधिकको व्यवस्था गरी किसानको घरदैलो मै कृषि सेवा उपलब्ध गराइने छ। एक वडा एक कृषि प्राविधिकको व्यवस्था गर्न पहल गरिने छ।
- किसानहरुलाई सुधारिएको गोठ, मल खाडल र पिसाब संकलन गर्ने ट्यांकी निर्माण गर्न प्रेरित गरिने छ।
- कृषि एम्बुलेन्स खरिद गर्न पहल गरिने छ।
- कृषक परिचय पत्र र कृषि स्वयं सेवकको व्यवस्था गर्न पहल गरिने छ।
- अगुवा कृषक अध्ययन भ्रमण, तालिम र उत्कृष्ठ कृषकलाई पुरस्कारको व्यवस्था गरिनेछ।
- व्यवसायिक पशुपंक्षीपालन, घाँस खेती, नर्सरी स्थापना गर्ने व्यवसायिक किसानलाई अनुदान र प्राविधिकको व्यवस्था गरिने छ।
- किसानको घरघरमा पुग्ने गरी कृषि र भेटनरी JTA को व्यवस्था गरिने छ।
- अदुवा बेसार पकेटको निरन्तरता, स्याउ तथा ओखर पकेट र गाईभैंसी पकेट क्षेत्रको विस्तार गरिनेछ।
- उन्नत मकैको बीउ वितरणमा अनुदानको व्यवस्था गरिनेछ।

- कृषक सहकार्य समूहलाई सहुलियत व्याजदरमा ऋण र कृषि सामाग्रीहरुमा अनुदान उपलब्ध गराउने नीति लिइनेछ।
- कृषकले उत्पादन गरेका वस्तुहरुको विक्रि वितरणका लागि बजारको खोजी गर्ने ढुवानी व्यवस्था प्रभावकारी बनाउने उद्देश्यकासाथ सिम्रुतु, झुल्नेटा, पेदीखेत लगाएतका स्थानमा कृषि उपज संकलन केन्द्र स्थापनाको लागि पहल गरिने छ।
- विभिन्न निकायसंग सहकार्यगरी खारानेटामा रहेको चिस्यान केन्द्र लगाएत स्थापना भएका सवै उद्योगहरु संचालन गर्न पहल गरिने छ।
- कृषि योग्य जमिनलाई अन्य प्रयोजनमा प्रयोग गर्न निरुत्साहित गर्ने बाँझो जमिन राख्न नपाउने कार्यविधि बनाई त्यस्ता जमिनमा नगदेबाली फलफुल खेति गर्न प्रोत्साहित गर्ने।
- कृषि क्षेत्रको व्यवसायिकरण गर्न कृषि औजार जस्तै पावर टिलर, मिनि टिलर, धानरोप्ने मेशिन, गहुँ काट्ने मेशिन, आलु काट्ने मेशिन, खन्ने मेशिन, कृषक समुहहरुलाई साझेदारीमा उपलब्ध गराइने छ।
- खाद्यान्नको उपलब्धता पहुँच उपभोग र त्यसको निरन्तरतालाई सुनिश्चित गर्दै नागरिकलाई खाद्य सुरुक्षाको प्रत्याभूति गराइने छ।
- फलफुल, घास प्रजातिका बोटविरुवा खरीद तथा विवरण गर्दा पालिका भित्रका नर्सरीलाई प्राथामिकता दिइने छ।
- कृषि तथ्याँक संकलन प्रशोधन व्यवस्थापनका लागी प्रविधि मैत्री प्रणाली "कृषि एप" निर्माण गरी प्रयोगमा ल्याइने छ।
- माटोको प्रकृति र हावापानी अनुसार खाद्यान्न, फलफुल, मसलाबाली, गाई, भैसी, बाख्रा पकेट क्षेत्र निर्धारण गरी स्वही अनुसार साधन स्रोत केन्द्रित गरिने छ।
- व्यवसायिक कृषक, कृषक समुह, सहकारी दर्ता तथा नियमनका लागी व्यवहारिक र कृषि मैत्री नितिगत व्यवस्था गर्दै लगिने छ।
- "हाम्रा लागि हाम्रै उत्पादन" अभियान संचालन गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउन खाद्यान्न फलफुल, दूध, तरकारी, मासु, माछा उत्पादनका लागी कृषक तालिम लगायत प्रर्वदनात्मक कार्यक्रम लागु गर्दै लगिने छ।
- तरकारी विउ उत्पादनलाई प्याकेजिङ, लेवलिङ र  ब्राण्डिङ गरी भरपर्दो बजार सुनिस्चित गरिने छ।
- पशुपंक्षीका गोठ तथा खोर सुधार गरी मलमुत्र व्यवस्थित गरी प्रारङ्गिक मल र जैविक विसादी उत्पादन नगरी प्रयोग गर्न प्रेरित गरिने छ।
- आर्थिक रुपमा विपन्न, जमिन कम भएका किसानहरुलाई माहुरी पालन, बटाई पालन कुखुरा पालन सम्बन्धि तालिम दिई विउ पूँजी उपलब्ध गराइनेछ।

- कृषि तथा पशु विमा कार्यक्रम संचालन गरी कृषकको लगानी जोखिम घटाइने छ।
- सिंचाई सुविधामा वृद्धि गरी हालको सिंचाई सुविधा भएको जमिनको प्रतिशत बढाउदै लगिने छ।
- कृषकहरुको हौसलाका लागि कृषक प्रोत्साहन तथा सम्मान कार्यक्रम संचालन गरिने छ।
- कृषि जन्य वस्तुको दिगो भण्डारण र सुरुक्षाका लागि सित्त भण्डार स्थापना गर्दै लगिने छ।
- त्रिवेणी गाउँपालिका लाई दुध र दुध जन्य वस्तुमा आत्मनिर्भर बनाइने छ।
- मासु जन्य खाद्यवस्तुमा आत्मनिर्भर बनाउने गरी पहल गरिने छ।
- किसानहरुलाई बजार संजालमा आवद्ध गराउन थोक खरिद कर्ताहरुको बिचमा समन्वय गराई उत्पादन र खरिद कर्ता बिच खरिद विक्रि संझौताको लागि सहजिकरण गरिने छ उत्पादनलाई बजारीकरण गर्ने सम्बन्धि सीप मूलक तालिम दिइनेछ।
- विमा तथा आकास्मिक बाली संरक्षण कोष जस्ता विषयले नसमेटिएका बालीनालीमा राहत तथा क्षतिपूर्तिको व्यवस्था गरिने छ।
- कृषि उपजको न्यूनतम सर्मथन मुल्यको शुरुवात गरिने छ।
- प्राकृतिक प्रकोप विभिन्न प्रकारका कृषिजन्य रोग कतिपय जंगली जनावर र पशुपंक्षीबाट बालीनाली जोगाउने उपायको खोजी गरिने छ।
- पशुपंक्षीमा लाग्ने विभिन्न रोग र महामारीको लागी प्राविधिक र औषधी जन्य सामाग्रीको व्यवस्था गरिने छ।यसका लागि जनशक्ति व्यवस्थापन गरि जहाँ पशु त्यहाँ पशु प्राविधिक पुग्ने व्यवस्था गरिनेछ।
- स्थानीय कृषि हाडबजार संचालन गरिने छ।
- उत्पादनमा आधारित अनुदान दिने व्यवस्था गरिनेछ।

**(ख) <u>उद्योग वाणिज्य / उद्यमशिलताको विकास दिगो अर्थतन्त्रको निर्माण</u>**

- कृषि र वन पैदावरमा आधारित साना तथा मझौला उद्योगहरुको स्थापना गरी रोजगारी र आयआर्जनमा बृद्धि गरिनेछ।
- दहवाङ्गको अदुवा प्रशोद्धन उद्योग, पेदीखेतको मकै चिउरा उद्योग, सिम्रुतुको सिस्नो पाउडर र आलु चिप्स उद्योगलाई संचालन पहल गरिने छ।
- कोल्ड स्टोर संचालन गरी लिजमा भएका जग्गालाई सरकारको स्वामित्वमा ल्याउन पहल गरिने छ।
- विद्युतीय घट्ट संचालनमा प्रोत्साहन गरिनेछ।
- दूध डेरी संचालन गर्न गाउँपालिकाका विभिन्न स्थानमा दूध संकलन केन्द्र स्थापना गरिने छ।
- स्थानीय स्रोतमा आधारित उद्योग संचालनमा जोड दिइने छ।

- छरिएर रहेका स्थानीय स्रोत साधनको पहिचान गरी उद्योग तथा व्यवसाय स्थापनाको लागी भौतिक तथा संस्थागत संरचना निर्माण गर्न सरकारी, सहकारी र निजि क्षेत्रको संयुक्त साझेदारीमा उद्योगहरु संचालन गरिने छ।
- स्थानीय स्तरमा रहेका परम्परागत साना तथा घरेलु उद्योगहरुको संरक्षण बजारीकरण गरी आयआर्जन बढाइनेछ।
- कृषि, पर्यटन, जलस्रोत तथा उर्जाको विकासका लागि सार्जजनिक निजि र सहकारीको संयुक्त लगानीमा साना तथा मझौला उद्योगहरु संचालन गरीने छ।
- लक्षित समुहहरुलाई उद्यमशिलता विकास तालिम, प्रोत्साहन र प्रविधि सहयोग गर्ने उद्योग संचालनमा पर्यावरण मैत्री प्रविधिमा जोड दिने, स्थानीय उत्पादनलाई बजारसँग जोड् दिइनेछ।
- वन पैदावर जडिबुटी, कृषि र खनिजमा आधारित उद्योग स्थापना गरिने छ।
- बेरोजगार जनशक्तिलाई बजारको मागमा आधारित सीप विकास गराउने बजारमैत्री प्रविधियुक्त सीप प्रदान गर्न व्यवसाय काउन्सीलिङ कक्षा संचालन गरिने छ।
- गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमीहरुलाई सिप विकास तथा प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरिने छ।
- बजार र रोजगारदाताको माग र बेरोजगार जनशक्तिको आपसी तादम्यता मिलाउन सामुदायमा छरिएर रहेको श्रम सीप प्रविधि र पूजीलाई सुचिकृत गरी एक आपसमा सामानजस्यता कायम गर्न पहल गरिने छ।
- परामपरागत सीपहरुको आधुनिकरण गर्दै लोपउन्मुख परम्परागत सीपलाई बजार मैत्री र सम्मानित बनाउन त्यस्ता सीपहरुको स्तर उन्नति गरी उन्नत प्रविधिसंग जोड्ने सीप र सील्पीहरुको तथ्यांक अध्यावधी गर्ने बजार मैत्री प्रविधि युक्त सीप प्रदान गर्ने मान्यता प्राप्त संस्थाबाट सीप परिक्षणको व्यवस्था गर्दै लगिने छ।
- आयआर्जनका गति विधि संचालन गर्न विऊँ पूजीका लागि घुम्तिकोषको व्यवस्था गरी विपन्नहरुको पहुँचमा वृद्धि गरिने छ।
- बैदेशिक रोजगारबाट फर्केका युवा तथा विप्रेषण पाउने परिवारको लगत संकलन गरी उपयुक्त उद्यम र व्यवसाय छनौट गर्न प्रेरित गरिनेछ।
- सुरक्षित वैदेशिक रोजगारीका लागी सूचना प्रवाह गरिने छ।
- कृषि तथा पशु हाटबजार संचालन गरिनेछ।
- बजार क्षेत्रमा फोहोर व्यवस्थापनको लागि फोहोर फाल्ने ठाउँको व्यवस्था गरिने छ।
- बजार अनुगमन र नियमन प्रभावकारी गराइने छ।
- कृषि पर्यटनको विकासमा जोड दिइने छ।

- नमुना अलैंची फारम, अदुवा उत्पादन, फलफूल उत्पादनमा जोड दिनुका साथै किसानलाई सोही अनुसारका प्राविधिक सेवा र औजारको व्यवस्था गरिने छ।
- लघु तथा घरेलु उद्योगहरुको तथ्यांक संकलन गरी उद्योगहरुको लगत राख्ने र त्यसको प्रवर्द्धन र विकासमा जोड दिने नीति अवलम्वन गरिने छ।
- युवा स्वरोजगारको लागि सीप विकासको तालिम दिई लघु तथा घरेलु उद्योग संचालन गर्न विनाधितो, विना व्याजमा घुम्ती ऋण उपलब्ध गराउने नीति लिइएको छ।
- स्यार्पु कृषि कम्पनी र स्यार्पु हाइड्रोपावर कम्पनीमा शेयर लगानी गर्ने कार्यलाई निरन्तरता दिइने छ।
- स्थानीय उद्यमशिलताको अध्ययन गरी स्थानीय आर्थिक विकास योजना निर्माण कार्य अगाडी बढाइने छ।

**(ग) <u>पर्यटन — "पर्यटन मैत्री भौतिक पूर्वाधार र संस्कारको विकास त्रिवेणी बासीको समृद्धिको मुख्य आधार"</u>**

- पर्यटन क्षेत्रको पूर्वाधार निर्माण गर्दै जाने कार्यलाई निरन्तरता दिइने छ।
- गाउँपालिकाका सम्भावित स्थानमा होमस्टे संचालनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइने छ।
- सुकिदह, झुनखानी, राजकोट, लामामेला, जुम्लेधुपि, टिकरे, बारकोटे धुरी, गुमार धुरी, भेरीपोखरा जस्ता ठाउँहरुमा पर्यटन पूर्वाधार तयार गरिने छ।
- गुरिल्ला ट्र्याक, भ्यूटावर निर्माण, जनयुद्ध संग्राहलय, मितेरी संग्राहलय लगायत गाउँपालिका भित्र रहेका गुफा, मन्दिर, पुजा स्थलको पहिचान गरी व्यापक प्रचार प्रसार गरिनेछ।
- कृषि पर्यटनको विकास गर्ने नीति अवलम्बन गरिने छ।
- गाउँपालिका भित्रका पर्यटकिय स्थलहरुलाई सडक संजाल संग जोड्ने सडक तथा पदमार्गलाई पर्यावरण मैत्री भर पर्दो र सुरक्षित बनाउदै लगिने छ।
- विगत जनयुद्दकालिन खारा सामुहिक हत्या भएको स्थल, आगजनी भएको स्थल, गोरिल्ला ट्रेकिङ् मार्ग, वङ्कर लगायतका ऐतिहासिक विषयहरुलाई संस्थागत संरक्षण गर्न नीति लिईने छ।
- स्थानीय सरकारको आन्तरिक आय वृद्धि गर्ने उद्देश्यमा आधारित धुमविर जनयुद्ध संग्राहलय देखि गाउँपालिका कार्यालय सम्म साझेदार निकाय संग सहकार्य गरी जीपलाईन निर्माणको नीति लिइने छ।
- मुख्य पर्यटकिय स्थलको प्रचारप्रसारका लागी परिचय पुस्तिका र भिडीयो तयार गरि प्रसारण गरिने छ।
- साँगितिक साँस्कृतिक समुह निर्माण गरी तालिम दिइने छ।

- ट्रेकिङ रुटमा प्रचार प्रसार गर्न होर्डिङ बोर्ड राख्ने, website बनाइ सामाग्री upload गर्ने तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण सम्बर्दन र प्रर्वद्वन गरी व्यापक प्रचारप्रसार गरिने छ।
- गाउँपालिका भित्र विद्यमान प्राकृतिक धार्मिक ऐतिहासिक पर्यटन सूचना केन्द्र स्थापना गरिने छ।

**(घ) सहकारी**

- सहकारी संस्थाको दर्ता अनुमति तथा नियमन कार्यलाई व्यवस्थित गर्न सहकारी ऐनलाई समय अनुकुल परिमार्जन गरिने छ।
- सहकारीको समायोजन गरी गुणस्तरीय बनाउने नीति अवलम्बन गरिने छ।
- सहकारी शिक्षाका लागि आधारभूत तहका विद्यालयहरुमा सहकारी सम्बन्धी पाठ्यक्रमको निर्माण कार्यलाई अगाडि बढाइने छ।
- 'गाउँगाउँमा सहकारी घरघरमा रोजगारी' भन्ने नारालाई सार्थक तुल्याउन सहकारी मार्फत कृषि जन्य र वनपैदावरमा आधारित उद्योग स्थापना गरी रोजगारी श्रृजना गर्ने, साथै प्रत्येक वडामा शहिद परिवार, द्वन्द्वपीडित, अतिविपन्न, एकल महिलाहरुको सहकारी संस्थामा शेयर सुनिश्चित हुने व्यवस्था मिलाइने छ।
- नेपाल सरकारबाट विकास भएको COPOMIS मा सम्पूर्ण सहकारीहरुलाई सामेल गराउन आवश्यक सहयोग एवं सहजिकरण गरिनेछ।
- स्थानीय तहमा सञ्चालित सहकारीहरुको सहभागितामा सहकारी सञ्जाल गठन गरी सहकारीका कार्यक्रम संचालन गरिनेछ।
- सार्वजनिक, निजि र सहकारी क्षेत्रको सहयात्रामा गुणात्मक साझेदारी विकास गर्दै लगिने छ।
- सहकारीलाई उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण र विधिकरणका आयोजनामा सहयोग गरिने छ।
- कृषि सहकारी आयोजनाहरुमा प्राविधिक सहयोग उपलब्ध गराइने छ।
- सहकारीलाई व्यवस्थित संचालन गर्न लेखा व्यवस्थापन योजना निर्माण र सहकारी व्यवस्थापनका क्षेत्रमा सीपमूलक क्षमता अभिवृद्धि तालिम संचालन गरिने छ।
- सहकारी भित्रको सुशासन, जवाफदेहिता र पारदर्शिता कायम गर्नाका लागी सहकारी अनुगमन निर्देशन नियमन र अन्तरक्रिया गरी सुधार गरिनेछ।
- नियमित सहकारी अनुगमन तथा मूल्यांकन गरी राम्रो र प्रभावकारी सेवा प्रवाह गर्ने सहकारीलाई पुरस्कृत गर्दै लगिने छ।

## (ङ) रोजगारी सिर्जना र गरिवी निवारणः

- विकासका सवै क्रियाकलापहरु रोजगारी सृजना गर्ने र गरिवी निवारण गर्ने तर्फ उन्मुख गराइने छ।
- गाउँपालिकाबाट संचालन हुने रोजगार मूलक तथा जिविको पार्जन सम्बन्धी कार्यक्रममा असहाय, अपांग, द्धण्दपिडित र विपन्न समुदायका नागरिकहरुलाई प्राथमिकतामा राखिने छ।
- बेरोजगार यूवाहरुलाई उद्यमी बनाउन रोजगार मूलक तालिम संचालन गरिने छ।
- श्रम सहकारी र अन्य सहकारीमा आवद्ध गराई छरिएर रहेको श्रम पूँजी प्रविधि र सीप एकिकृत रुपमा प्रयोग गरी व्यवसाय प्रर्वद्धन मार्फत जीवन स्तर उकास्न मदत गरिने छ।
- रोजगार सूचना केन्द्रको स्थापना गरी श्रम बजारको माग अनुसार श्रम शक्तिको आपूर्ति गर्ने। श्रम र ज्याला बिचको सन्तुलन कायम गरिने छ।
- स्थानीय तह र निजि क्षेत्रलाई आवश्यक पर्ने जनशक्तिको प्रक्षेपन गरिने छ।
- बैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप, अनुभव र पूँजीलाई उत्पादनमा लगाउन प्रोत्साहित गरिने छ।
- छोटो अवधिका तालिमहरु जस्तो सिकर्मी, डकर्मी, विद्युत जडान, सिलाइ बुनाई, इलेक्ट्रोनिक्स, पलम्बीङ, कम्प्युटर जस्ता तालिम दिई उद्यमी उत्पादन गरी रोजगारी सिर्जना गरिनेछ।
- गरिवीको मापन र नक्सांकन गरी गरिवीको रेखामुनि रहेका घरपरिवार पहिचान गरी त्यस्ता परिवारका सदस्यलाई १०० दिनको रोजगारीको व्यवस्था गरिनेछ।
- साना व्यवसाय संचालन गर्न लधुवित्त र वैकिंङ संस्थामार्फत विउ पूँजी उपलब्ध गराउनको लागी गाउँपालिकाले सहजिकरण गरिदिनेछ।
- गरिव परिवारको शिक्षा स्वास्थ्य र आयआर्जनको क्षेत्रमा पहुँच बढाउन वडा स्तरमा परामर्श सेवा संचालन गर्ने।
- स्थानीय जडिबुटी परम्परागत रैथाने अन्नबाली आदिको उत्पादन र उत्पादकत्व वृद्धि गरी आयआर्जन वृद्धि गरिनेछ।
- परम्परागत पानी घट्ट, काठेकोल, जाँतो, ढिकी जस्ता साधनको संरक्षण गरी पर्यटन उद्योग संग जोडीनेछ।

## (च) गैरसरकारी संघसंस्थाः

- सबै प्रकारका गैरसरकारी संघसंस्था गाउँपालिकामा दर्ता र सुचिकृत गरी एकद्वार प्रणाली वाट कार्यक्रम संचालन गरिनेछ।

**(छ) वित्तिय क्षेत्र**

- त्रिवेणी गाउँपालिका भित्र कार्यक्षेत्र भएका लघुवित्तिय संस्थाहरुलाई नेपाल राष्ट्र बैंकले तोकेको दायराभित्र रही ब्याज लिन पाउने गरी गाउँपालिकाले नियमन गरिने छ।
- वित्तिय सहकारी मार्फत किसानहरुलाई सहुलियत व्याजमा ऋण उपलब्ध गराइने छ।
- रोजगार प्रवर्द्धन तथा गरिवी न्यूनिकरणका कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- वैदेशिक रोजगारबाट फर्केका र गाउँमा रहेका युवाहरुको तथ्यांक संकलन गरी सीपमुलक तालिम संचालनको व्यवस्था गरिनेछ।

**(ज) खानी तथा खनिजः**

- वातावरण प्रतिकुल असर नपर्ने गरी प्रचलित कानून बमोजिम गाउँपालिका भित्र रहेका खोलानालाबाट ढुङ्गा, बालुवा उत्खनन् गरी बिक्री वितरण गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

**(३) पूर्वाधार विकास क्षेत्र**

**(क) स्थानीय सडक, सडक पुल तथा झोलुङ्गे पुल**

- 'समृद्धिको आधार आधुनिक भौतिक पूर्वाधार' को नारालाई आर्थिक विकासको मूल नारा बनाइने छ।विकसित भौतिक पूर्वाधार विना आर्थिक समृद्धि र जनजीवनमा सहजता असम्भव भएकोले सडक, खानेपानी, विद्युत, आवास तथा सहरीकरण, सार्वजानिक भवन जस्ता विषयमा उच्च प्रथामिकता दिइने छ।
- पालिकामा हुने भौतिक पूर्वाधार निर्माण र लक्षित वर्गका कार्यक्रममा सम्बन्धित क्षेत्रका युवा तथा वेरोजगार व्यक्तिहरुलाई संलग्न गराई स्वरोजगार गराउने नीति लिइने छ।
- पूर्वाधार विकासको पहिलो आधार सडक भएकाले सडकलाई पर्यावरणमैत्री, भूगोल सापेक्ष सन्तुलित र आवश्कताको आधारमा सडक स्तरोन्नति र सडक ट्र्याक खुलाइने छ।
- साना खोलामा झोलुङे पुल र गाडी जाने खोलामा मोटर पुल निर्माण गरिनेछ।
- सडक सरसफाई, ढलनिकास र सडक सुरक्षामा विशेष ध्यान दिइने छ।
- प्रमुख तथा सहायक सडकहरुलाई राष्ट्रिय मापदण्ड अनुसार निर्माण गर्न ध्यान दिइने छ।
- पूल तथा सामुदायिक भवन निर्माण गर्न प्रदेश सरकार र संघ सरकार संग समन्वय साझेदारी गरिने छ।
- आवश्यक ठाउँमा मोटरेवल पूल, झोलुङे पुल निर्माण गर्दै लगिने छ।
- सडक निर्माण गर्दा हुने बोटविरुवाहरुको क्षतिको परिपुरण स्वरुप सडक दायाँ वायाँ विरुवा रोपन गरिने छ।

- निर्माण भएका पूर्वाधारको आकस्मिक क्षतिपुग्दा गर्नुपर्ने मर्मत सम्भारको लागी निर्माण मर्मत सम्भार कोष छुट्याउने र मर्मत सम्भारमा खर्च गरिने छ।
- सडक विकासको गुरुयोजना निर्माण गरी कार्यन्वयन गरिने छ।
- सडक, सडक पुल, झोलुगे पुल, सिचाई, खानेपानी र उर्जा विकासमा कार्यलय प्रभावकारी बनाउन अनुगमण नियमण कार्यलाई कडाई साथ अगाडि बढाईने छ।

**(ख) <u>सिंचाइ</u>**

- पालिका भित्र रहेको पानीको स्रोतको पहिचान गरी कुलो सिंचाइ, लिफ्ट सिंचाइ, थोपा सिंचाइ, प्लाष्टिक पोखरी, सिमेन्ट पोखरी निर्माणमा जोड दिने र प्रविधिको उच्चतम प्रयोग गर्ने साथै तिनको संरक्षण र दिगो व्यवस्थापनको लागी विस्तृत परियोजना रिपोर्ट तयार गरिनेछ।
- निर्माणाधीन आयोजना तत्काल सम्पन्न गर्ने र पुराना आयोजनाको मर्मत संभार गर्ने कार्यलाई जोड दिइनेछ।मुहान तथा तालतलैयाको संरक्षण तथा सुदृढीकरण गर्ने, जलवायु अनुकुलन हुनेगरी सिचाई आयोजना निर्माण र विस्तार गरिनेछ।
- कृषि योग्य जमिनमा व्यवसायिक कृषिलाई प्रोत्साहन गर्न भरपर्दा नयाँ सिचाई आयोजना निर्माण गरिने छ।
- सिचाईमा नविनतम प्रविधिको प्रयोग गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गरिने छ।
- संचालित सिचाई आयोजनाहरुलाई सुढृढ तुल्याई दिगोपना बढाउन सिचाई प्रणालीको मर्मत संभार एंव दिगो व्यवस्थापनका लागी स्रोत सहित उपभोक्ताको सहभागिता सुनिश्चित गरिने छ।

**(ग) <u>भवन तथा शहरी विकास</u>**

- सुरक्षित आवास सुविधा सबै नागरिकको अधिकार भएकोले सुलभ र सुरक्षित आवास निर्माणमा जोड दिदै घर विमा कार्यक्रम संचालन गरिनेछ।
- बसोवास, बजार, सहरी सुविधा र अन्तर आवद्धतालाई सहज सुरक्षित र व्यवस्थित बनाउन प्रविधि र वातावरण मैत्री आधुनिक भौतिक पूर्वाधारको विकास गरिने छ।
- वस्ती विकास र भवन निर्माण सम्बन्धी प्राविधिक मापदण्ड निर्माण गरी भूकम्प प्रतिरोधी भवन निर्माणमा जोड दिइने छ।
- सार्वजानिक तथा व्यवसायिक प्रयोजनका भवनहरु निर्माण गर्दा सुरक्षा सम्बन्धि मापदण्डलाई ध्यान दिइने छ।
- बजार क्षेत्रमा सार्वजानिक शौचालय निर्माण गरिने छ।
- दुर दराजमा रहेका टोल वस्ती तथा ग्रामीण क्षेत्र भित्र खरले छाएका सबै जनताको छानो जस्ता पाताले छाउने व्यवस्था मिलाइने छ।

- सडक तथा ढल, खानेपानी र सिंचाइ क्षेत्रको प्राथामिकताका आधारमा गुरुयोजना तर्जुमा गरिने छ।
- सार्वजनिक सेवालाई गुणस्तरिय बनाउन बडा कार्यालय भवनहरु निर्माण गर्दै लगिने छ।
- एकिकृत वस्ती विकासको कार्ययोजना निर्माण गरी संचालन गरिने छ।
- निर्मित संरचनाहरुको अभिलेखीकरण कार्य अघि बढाइनेछ साथै निर्मित संरचनाको रेखदेख र पुनः निर्माण मर्मत सम्भारमा जोड दिइने छ।
- भूकम्पबाट भत्किएका भौतिक संरचना छिटो छरितो निर्माण गर्न संघ र प्रदेशमा समन्वय गरि पुनः निर्माण कार्यलाई अगाडि बढाईने छ।

**(घ)** **<u>उर्जा, लघु तथा साना जलविद्युत तर्फ</u>**

- त्रिवेणी गाउँपालिकाका सबै घर परिवारमा विद्युत्त पु-याउने कार्य तदारुकताका साथ सम्पन्न गरिने छ। सरकारी नीति अनुसार २० यूनिट सम्मको विद्युत्त खपत निःशुल्क गरिने छ।
- जलविद्युत बाहेकका सौर्य उर्जा, गोवर ग्यास, बायोग्यास जस्ता वैकल्पिक विधि प्रयोग गरिने छ।
- विद्युत, टेलिफोन, इन्टरनेटको गुणस्तरीयताको सुनिश्चितता कायम गर्न निजी क्षेत्रको लगानी बढाउन सहकार्य गरिनेछ।
- त्रिवेणी गाउँपालिका भित्र विद्युत सेवा नपुगेका टोल बस्तिमा विद्युत प्राधिकरण संग समुन्वय गरि विद्युत विस्तार गरिनेछ जोखिम न्यूनिकरणको लागि कालो तारको व्यवस्था गर्न पहल गरिने छ।

**(ङ)** **सञ्चार- गुणस्तरिय टेलिफोन तथा इन्टरनेट सेवा प्रदान गर्न भौतिक पूर्वाधार निर्माण गर्दै जाने**

- गाउँपालिकाका सबै विषयगत कार्यालयहरुमा काम प्रभावकारी तुल्याउन डिजिटल सेवा लागु गरिनेछ।
- कार्यालयमा विद्युतीय हाजिरी र अभिलेख प्रणाली स्थापनामा जोड दिइने छ।
- प्राविधिक सर्वेक्षण गराई आवश्यक ठाउँमा टेलिफोन टावर स्थापना गरिने छ।
- रेडियो समावेशी आवाजलाई आम जनताको सूचना प्रवाहको साथी बनाइने छ। यसका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।
- संचारकर्मीहरुको क्षमता अभिबृद्धिका लागि आवश्यक अवसरको श्रृजना र व्यवस्था गरिने छ।
- हाल संचालनमा रहेका अस्पताल, आधारभूत तथा माध्यामिक विद्यालय, क्याम्पस, वडा कार्यालयमा द्रुत गतिको इन्टरनेट सेवा जडान गरिने छ।
- मिडिया क्षेत्रका संयन्त्र मार्फत त्रिवेणी गाउँपालिका सरकारका गतिविधिको प्रचारप्रसारका लागि संचार कोषको स्थापना गरिने छ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

## (४) <u>वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन</u>

### (क) वातावरण संरक्षण तथा फोहोर मैला ब्यवस्थापनः-

- झुल्नेटा सिम्रुतु लगायत मुख्य बजार क्षेत्रमा फोहोर व्यवस्थापनको गुरु योजना निर्माण गरिने छ।
- **'सफा सुन्दर हराभराः हाम्रो त्रिवेणी गाउँपालिका'** भन्ने नाराका साथ कार्ययोजना बनाई लागु गरिने छ।
- फोहोर मैला व्यवस्थापनका लागि जनचेतना मूलक कार्यक्रमलाई बढवा दिइने छ।

### (ख) वन वातावरण तथा विपद व्यवस्थापनः-

- वनजंगलको नक्साङ्कन र संरक्षण गरिने छ। त्यहाँ भित्र रहेका काठपात, रुख विरुवा, जडिवुटी र पशुपंक्षीको संरक्षणमा विशेष जोड दिइनेछ।
- सामुदायिक वनले पालिकालाई बुझाउनु पर्ने राजश्व नियमित गरिने छ।
- वनसम्पदा, जैविक विविधता र जलाधार सम्पदाको संरक्षण मार्फत विपद् न्यूनिकरणका उपाय अवलम्वन गरी सो क्षेत्रको उत्पादन र उत्पादकत्वमा स्थानीय नागरिकहरुलाई समाहित गरी आयआर्जनमा वृद्धि गरिने छ।
- विपदको पूर्व तयारी वा पूर्व कार्ययोजना निर्माण गरी लागु गरिने छ।
- भू-क्षय तथा बाढी पहिरो हुन सक्ने उच्च जोखिम भएका स्थानहरु पहिचान गरि सुरक्षाका उचित उपायहरु अपनाइने छ।
- खाली ठाउँ र सडकका दायाँ वायाँ वृक्षारोपन कार्यक्रम गरिने छ।
- खाली रहेका सार्वजनिक स्थानहरुको संरक्षण सम्बर्द्धन र दिगो उपयोगको निति अवलम्वन गरिनेछ।
- प्राकृतिक र साँस्कृतिक सम्पदाको संरक्षण गरी पर्यटन प्रर्वदनमा जोड दिइने छ।
- स्थानीय जडिबुटीको संरक्षण र सम्बर्द्धन गरिने छ।
- वन तथा प्राकृतिक वातावरणको उचित संरक्षण गरी वातावरण सुन्तुलन कायम गरिने छ।
- विद्यालय स्तरमा प्राकृतिक विपत्ति र मानविय विपद बारे नियमित कार्यक्रम संचालन गरिने छ।
- मानव सिर्जित क्रियाकलापबाट हुने मानविय र स्वास्थ्य सम्बन्धी विपदमा कमी ल्याउन नेपाल सरकार प्रदेश सरकार गैर सरकारी संघ संस्था संग सहकार्य गर्न पहल गरिने छ।
- विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्दै आएका सरकारी तथा गैरसहकारी संघसंस्थाहरु संग आपसी समन्वय र सहकार्य गरी विपद उद्धारमा सहज गराइने छ।
- विपद व्यवस्थापन कोष निर्माण गरी तत्काल राहत प्रदान गरिनेछ।
- विपद पछिको पुनःस्थापनाको लागी आवश्यक संस्थागत भौतिक र कानूनी संरचनाको विकास गरी विपद् व्यवस्थापनका लागी उद्वार क्षमता विकास गर्दै लगिने छ।
- जोखिम युक्त पहिरो भूक्षय र नदी कटान क्षेत्रको पहिचान गरी समुचित व्यवस्था गर्ने।

- आपतकालिन उद्दारका लागी यथाशिघ्र उद्धार चिकित्सा सहायता र संचार संप्रेषनको खाका तयार गरिनेछ।
- त्रिवेणी गाउँपालिकाको सिम्रुतु खोला, मुरुखोला, पेदी खेत लगायत नदि, खोलाले कटान हुने र बाढीले उच्च जोखिम भएका स्थानमा तटबन्धको व्यवस्था गरिनेछ।
- विपद्कोष र विपद पूर्व तयारी तथा विपद प्रतिकार्य योजना निर्माण गरि लागु गरिनेछ।
- वनवातावरण संरक्षणका लागि राप्ती लोकमार्गको दाँया बाँया तथा वडा जोड्ने अन्य सडक क्षेत्रका विभिन्न स्थानमा स्थानीय जनसहभागीतामा विभिन्न प्रजातिका फूलहरु र बोटविरुवा रोप्ने कार्य गरिनेछ।
- "वन क्षेत्रको दिगो र व्यवसायिक व्यवस्थापन समृद्धि र सुखमा योगदान" भन्ने नाराका साथ विश्वव्यापी रुपमा प्रभाव परिरहेको जलवायु परिवर्तनका असरलाई न्यूनिकरण गर्ने र प्रकृति संग अनुकूलित हुने उपायको खोजी गरी जीवन पद्धतिलाई सरल र सहज तुल्याइने छ।
- कुनै पनि विपद्/प्रकोप बाजा बजाएर आउँदैन भन्ने तथ्यका आधारमा विपद्को पूर्व तयारी तथा प्रतिकार्य योजना मार्फत खोज तथा उद्धार, राहत वितरण, पुनःसंरचना आदि कार्यलाई व्यवस्थित तुल्याइने छ।
- विपदमा परेका व्यक्ति/परिवारलाई तत्काल राहत्त उपलव्ध गराइने छ।
- विपद सम्बन्धि सबै चक्रको आंकलन तथा लेखाजोखा गरी स्थानीय सरकार, प्रहरी, सेना, नागरिक समाज, रेडक्रस लगायत विभिन्न संघसंस्थासंग समन्वयात्मक सहकार्यमा विपद प्रतिकार्य सम्बन्धि कार्यक्रम संचालन गरिनेछ।
- वन सम्पदा, जैविक विविधता र जलाधार सम्पदाको संरक्षण मार्फत विपद् न्यूनिकरणका उपाय अवलम्बन गरिने छ।सो क्षेत्रको उत्पादन र उत्पादकत्वमा स्थानीय नागरिकलाई सहभागी गराई आयआर्जन बृद्धि गरिनेछ।
- गाउँपालिकामा विपद् व्यवस्थापन कोष निर्माण गरी विपद पूर्व तयारी, विपद् प्रतिकार्य योजना, विपद् व्यवस्थापन समिति निर्माण गरी संचालन गरिने छ।
- वन उपभोक्ता समुह गाउँपालिकामा दर्ता गरि करको दायरामा ल्याइने छ।

**(५) <u>भूमि व्यवस्थापनः</u>**

- जमिनमा महिला किसानको एकल वा संयुक्त स्वामित्व कायम गर्ने विषयलाई अभियानका रुपमा संचालन गरिनेछ।संयुक्त र एकल पूर्जा बनाउन प्रत्येक टोलमा छलफल आयोजना गरिनेछ।
- गाउँपालिकाको भू-उपयोग योजना तर्जुमा गरी लागु गरिनेछ।भूमिको वर्गीकरण गरिनेछ।नीजि र सरकारी कृषियोग्य भूमि बाँझो राखिने छैन।सरकारी, सार्वजनिक र उपयोगमा आउन बाँकी रहेका जमिन पहिचान गरी भूमिहीनलाई उपयोगका लागि पहिलो प्राथमिकतामा राखी उपलब्ध गराईनेछ।



त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

- लामो समयदेखि समाधान हुन नसकेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने राष्ट्रिय भूमि आयोगसँग सहकार्य गरी यथार्थ लगत लिई जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराईनेछ।
- अति गरिब, एकल महिला र सीमान्तकृत भूमिहीन परिवारको लागि आवास निर्माण र जीविकोपार्जनको कार्यक्रम संचालन गरिनेछ।विकासका कार्यक्रम संचालन गर्दा सीमान्तकृत भूमिहीन समुदायसम्म पुग्ने गरी तर्जुमा गरिनेछ।अति विपन्न घरपरिवारलाई परिचय पत्रको आधारमा आर्थिक सहायता दिने व्यवस्था गरिनेछ।

(६) **<u>अनुगमन, मूल्यांकन र निरीक्षणः</u>**

- स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसारको गाउँपालिका स्तरीय अनुगमन समिति क्रियाशिल बनाई अनुगमन कार्य प्रणालीलाई चुस्तदुरुस्त बनाएर प्रभावकारी रुपमा सम्बन्धितयोजनाको धरातलमा पुगी निर्मित वस्तुको ठोस विश्लेषणका आधारमा अनुगमनको पाटोलाई जनअनुमोदन बनाई भुक्तानीको प्रक्रिया अगाडि बढाइनेछ।जिम्मेवारी प्राप्त अधिकारी जिम्मेवार भई नाँपजाच तथा मूल्यांकनमा यर्थाथ चित्रण गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिने छ।
- सुरुमा बस्ती स्तरबाट योजना माग गर्ने, आएका योजनाका सम्भाव्यताका अध्ययनल गरी छलफल द्वारा निर्णय गरी सोका आधारमा बजेट सहितको प्राविधिक लागत इष्टिमेट तयार गरी काम सुरु गर्ने, काम सुरु गर्नु पहिले लागत बजेट सहितको होर्डिङ बोर्ड स्थापना सहितको पहिलो अनुगमन, काम भइरहेको विचको अवस्थामा दोस्रो अनुगमन, काम सम्पन्न भए पश्चात अन्तिम अनुगमन तथा मुल्यांकन गरे पश्चात सामाजिक लेखा परिक्षण पछि लिखित अनुगमन प्रतिवेदन उपर छलफल, गाउँपालिका अध्यक्षको परामर्श प्रतिवेदन अनुमोदन गरी भुक्तानी प्रक्रिया अगाडि बढाइनेछ।
- त्रिवेणी गाउँपालिका भित्रका बजार, व्यवसाय, संघ संस्था समूह, सहकारी, वन पैदावार, वन्यजन्तु, उद्योग, खानी, सामाजिक महत्वका स्थल, सार्वजानिक कार्यालय, औषधी पसल, हस्पिटल, फार्मेसी, सडक पूर्वाधार, निजि क्षेत्रको समयसमयमा अनुगमन गरी व्यवस्थित गरिने छ।
- विकास निर्माण क्षेत्रका जटिलताको हलगरी समयसीमा भित्र कार्यसम्पादन सहजीकरण गर्न समस्या सामाधान समिति निर्माण गरी कार्यान्वयनमा सहजीकरण गरिने छ।
- त्रिवेणी गाउँपालिका भित्रका निकायका कार्यहरुलाई थप दिगो र प्रभावकारी बनाउन स्थानीय तह सरकारले विभिन्न सुझाव संकलनका माध्यमबाट सरकारको कार्यप्रणालीमा थप सुधार गरिनेछ।
- सरकारी तथा गैह्र सरकारी संस्था मार्फत गरिने विकास निर्माण सम्बन्धि कार्यक्रमको प्रभावकारिता र गुणस्तरियता सम्बन्धमा विभिन्न चरणमा अनुगमन गर्ने र त्यस्ता कार्यक्रमको दिगोपना लाभ र प्रतिफलको वितरण सम्बन्धमा मार्ग निर्देशन गरिने छ।
- अनुगमन प्रणालीलाई वस्तुगत बनाउने आवश्यकता अनुसार अनुगमनको पुर्न अनुगमन गरिने छ।

- अनुगमन तथा मुल्यांकन कार्यलाई व्यवस्थित गर्न आर्थिक वर्षको पहिलो महिनामा कार्य योजना निर्माण गरी लागू गरिने छ।
- गैरसरकारी संघसंस्थाहरुले आफूले सम्पादन गरेको क्रियाकलापको लिखित प्रतिवेदन बुझाउनु पर्ने व्यवस्था लागू गरिने छ।
- गुणस्तरिय वस्तु तथा सेवा प्राप्त गर्न पाउने उपभोक्ताको अधिकारलाई सुनिश्चित गर्नको लागि समय तालिका निर्माण गरी अनुगमन नियमन गरिने छ।

(७) <u>न्याय तथा कानून सम्बन्धीः</u>

- न्याय सेवालाई सबैका लागि न्याय र न्यायमा समान पहुँच अभिवृद्धि गरी छिटो छरितो, निष्पक्ष प्रभावकारी, जनउत्तरदायी, सरल, पहुँच योग्य, जवाफदेही पारदर्शी, सूचना प्रविधिमैत्री बनाई न्यायिक समिति प्रति जनआस्था र विश्वासमा अभिवृद्धि गराउने तथा समतामूलक न्यायको श्रृजना गरिने छ।
- असहाय वर्गलाई निःशुल्क कानूनी सेवा उपलब्ध गराईने छ।
- सामाजिक सद्भावका लागि न्यायको पहुँचलाई सुलभ बनाइ मेलमिलाप केन्द्रलाई व्यवस्थित गरी स्थानीय स्तरमा सद्भावना गतिविधिहरु अवलम्बन गरिने छ।
- गरिब असहाय तथा पछाडि पारिएका व्यक्तिहरुको लागि निःशुल्क कानूनी परामर्श तथा सहयोग उपलब्ध गराउने नीति लिइने छ।
- मानवअधिकारका आधारभूत मूल्य मान्यताहरुलाई कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।
- विद्यालयमा अध्यनरत बालबालिकाहरुलाई लागु औषधी दुर्व्यसनी लाई न्यूनिकरण गर्ने सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गरिने छ।
- नागरिकलाई सचेत पार्न कानून सम्बन्धि सचेतनामूलक कार्यक्रम संचालन गरिएको छ।

(८) <u>सार्वजनिक सेवा प्रवाह, सुशासन तथा संस्थागत विकासः-</u>

- **"सजिलो जिम्मेवार र नतिजा मूलक स्थानीय सरकार"** भन्ने मुल नाराका साथ स्थानीय सेवा तथा जनशक्ति व्यवस्थापन गरी सरकारी कामकाजलाई चुस्त, दुरुस्त र पारदर्शी बनाउन प्रविधि मैत्री सेवालाई व्यवस्थित गरिने छ।
- भरपर्दो इन्टरनेट व्यवस्था गरी राजस्व संकलन, सेवा प्रवाहका कामलाई प्रविधि मार्फत निरन्तरता दिइने छ।
- गाउँकार्यपालिका, वडा कार्यालय, विषयगत शाखा, विद्यालय, कृषि शाखा, पशु शाखा, स्वास्थ्य शाखामा आवश्यक पर्ने जनशक्ति सुनिश्चित गरी आवश्यकता भन्दा बढी भएका कर्मचारी शिक्षकलाई कटौति गर्दै लगिने छ।

- चुस्त र व्यवस्थित संगठनात्मक संरचना खडा गर्ने, कार्यक्षमता वृद्धि गर्ने, कार्यक्षमता वृद्धि गर्न तालिम, सेमिनार संचालन गरिनेछ।
- राजश्वको दायरा वृद्धि गरी संकलन कार्यलाई चुस्त बनाइने छ।
- सम्पूर्ण विषय र पक्षको तथ्यांक संकलन गरी व्यवस्थित गर्ने र सोही आधारमा कार्य सम्पादन गरिनेछ।
- निति, कानून र न्याय तथा सुशासनमा जोड दिइने छ।
- कुनै पनि गैर सहकारी संघ संस्थाले कार्यक्रम संचालन गर्दा गाउँपालिकामा आफ्नो कार्यक्रम पेश गरी सके पछि मात्र कार्य संचालन गर्ने छन् र एकद्धार प्रणालीबाट संघ संस्था परिचालन गरिने छ।
- लागु औषध कारोबार गर्ने गराउने र सेवन गर्ने व्यक्ति समेतलाई नैतिक सामाजिक र कानूनी दायरामा ल्याइने छ।
- प्रत्येक शाखाका शाखा प्रमुख, वडा सचिव, जनप्रतिनिधि, कर्मचारीले आफ्नो विषयको मासिक, अर्धवर्षिक र वार्षिक कार्ययोजना निर्माण गरी सम्बन्धित प्रमुख संग स्वीकृत गराई संझौता अनुसार कार्यसम्पादन गर्नु पर्ने छ।
- कार्यालयमा हुने ढिला सुस्ति, लापरवाही, अल्छीपना, भोलिवाद, घुस भ्रस्टाचार गर्ने प्रवृति अन्त्य गरी पारदर्शी र जवाफदेहि बनाइने छ।
- राज्यबाट तलव भत्ता खाने कुनै पनि व्यक्ति आयमूलक संघसंस्था पदाधिकारी वा सदस्य हुन पाउने छैन्।
- सरकारी कामकाजको स्थिति अवस्था बारे सल्लाह सुझाव प्राप्त हुने गरी गाउँपालिकामा Free Call सेवा संचालन गरिने छ।
- उपभोक्ता सेवाग्राहीको काम व्यवस्थित र छिटो छरितो सम्पन्न गर्न सहायता कक्ष स्थापना गरी एक जना कर्मचारी खटाई सेवा प्रदान गर्ने, गुनासो सुन्ने अधिकारी तोकी गुनासा निवारण गरिने छ।
- उपभोक्ता समितिमा महिला र यूवाको सहभागिता सुनिश्चिता गरिने छ।
- राजस्व उत्कृष्ट तरिकाले संकलन गर्ने र कार्यसम्पादनमा राम्रो गर्ने वडा तथा शाखा कार्यालयलाई वजेटमा प्राथामिकता दिइने छ।
- आयोजनाहरुको फाइल वडा कार्यालय र गाउँपालिकामा अनिवार्य राखु पर्ने छ।
- प्रत्येक वर्षमा गाउँपालिकाबाट गरिएको खर्चहरुको जनअनुमोदन गराउन सबै सरोकारवालाको उपस्थितिमा सार्वजनिक सुनुवाई तथा जनलेखा परीक्षण गरिने छ।
- गाउँ पालिकामा भएको आम्दानी तथा खर्चको मासिक विवरण गाउँपालिकाको वेवसाइटमा राखिने छ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- शान्ति सुरक्षा अमन चयन कायम गर्न पालिका भित्रका सुरक्षा निकाय र नागरिक संग बसी विशेष कार्ययोजना निर्माण गरी लागु गरिने छ। गाउँपालिकाको शान्ति सुरक्षा र न्यायिक समितिका कामलाई प्रभावकारी तुल्याइने छ।
- सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री बनाउन नागरिक सहायता कक्ष निर्माण गरी उपलब्ध जनशक्तिको परिचालन गरिनेछ।
- निःशुल्क रूपमा जग्गा प्राप्त गर्ने वडाहरूलाई भवन निर्माणका लागि पहिलो प्राथमिकतामा राखिनेछ। आगामी ५ वर्ष भित्र गाउँपालिकाका सबै वडा कार्यालयहरूको आफ्नै भवन निर्माण गरिनेछ।
- जनतासँग अन्तर्क्रिया कार्यक्रमलाई व्यवस्थित गर्न नागरिक संवाद कार्याक्रम संचालन गरिने छ।
- स्थानीय सरकार, उपभोक्ता समिति र अन्य सार्वजनिक निकायले गरेका कार्यहरुको सार्वजनिक सुनुवाई गर्नु पर्नेछ।
- गाउँपालिकाबाट तलव भत्ता खाने गरी कुनै पनि पदमा कुनै कर्मचारी नियुक्ति बढुवा वा पदस्थापना गर्दा कार्यपालिकाको निर्णयबाट मात्र गरिने छ।
- सूचना लिने दिने, सिफारिस गर्ने, अन्य शुल्कको भुक्तानी लिने दिने काम प्रविधिबाट गरिने छ।
- विकास निर्माणका काममा समावेशिता र जनसहभागितामा आधारित क्रियाकलाप अगाडि बढाइने छ।
- सार्वजनिक खर्चमा मितव्यायिता पारदर्शिता र जवाफदेहिता अवलम्बन गरिने छ।
- योजना निर्माण कार्यक्रम कार्यन्वयन र अनुगमन मूल्यांकनमा जनताको सहभागिता वृद्धि गरिने छ।
- गाउँपालिकाले विकास निर्माणको बार्षिक कार्यतालिका निर्माण गर्ने स्पष्ट जिम्मेवारी तोक्ने मापदण्ड सहित अनुगमन र मूल्यांकन गरिने छ।
- सार्वजनिक सेवालाई चुस्तदुरुस्त बनाउन समय लागत अनुसारको गुणस्तर अनुसारको कार्य सम्पादनमा ध्यानदिने। पालिकामा डिजिटल सूचना केन्द्र स्थापना गरी प्रभावकारी संचालन गरिने छ।
- सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्यमा कार्यमा नागरिकबाट प्राप्त पृष्ठपोषणलाई समेटी कार्यन्वयनमा सुधार गरिने छ।
- जन्ता प्रति जवाफदेहि, उत्तरदायि, पारदर्शि सरकारको अवधारणालाई आत्मसाथ गर्दै सुशासनको प्रत्याभूति गराउने, सबै खालका अनियमितता भ्रष्टाचारलाई निरुत्साहित गर्दै यसमा सुन्य सहनसिलताको नीति अवलम्बन गरिने छ।
- प्रत्येक वडाका टोल बस्तिहरुमा टोल विकास संस्था गठन गरि नागरीक सहभागिता र निगरानी बढाइनेछ।

(९) <u>श्रम/रोजगारः</u>

- श्रम रोजगार लाई तथ्याङ्क वनाएर वडाको मोडेल उत्पादन कार्य सँग जोडीने छ।
- शैक्षिक तथा गैह्र शैक्षिक बेरोजगारहरुको लगत तयार गरिने छ।
- रोजगार सृजना गर्ने उद्देश्यले बजारको मागमा आधारित तालीम (ड्राईभिङ्, कम्प्युटर, पलम्बर, होमस्टे....) संचालन गरिने छ।
- श्रम सहकारी मार्फत कामका लागि खाद्यान्न वा स्थानीय विकासमा निर्माणका काममा श्रम प्रयोग गरिने छ।
- श्रमिकहरुको न्यायोचित हकहित तथा सामाजिक सुरक्षाको संरक्षण गर्न श्रमिक संगठनको सुझावका आधारमा कार्यक्रम तय गरिने छ।
- रोजगारीको अवस्था विश्लेषण गर्न तथ्यांक व्यवस्थित गरी रोजगारी सृजना गर्ने नीति लिइने छ।
- औपचारिक र अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गरिने छ।यस वर्ष ५ वर्ष सेवा अवधि पुरा भएका कार्यालय सहयोगी र सवारी चालकहरुबाट यो कामको थालनी गरिनेछ।

(१०) <u>लक्षित वर्गः</u>

**(क) <u>महिला, बालवालिका र जेष्ठ नागरिक</u>**

- जेष्ठ नागरिकहरुलाई निःशुल्क स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाईनेछ।
- महिलाहरुलाई स्वरोजगार बनाउन सीपमूलक तालिम संचालन गरी आय-आर्जनमा आत्म निर्भर बनाउने तिर जोड दिइनेछ।
- संघीय सरकारले उपलब्ध गराउने जेष्ठ नागरिक भत्ता यथासमयमै उपलब्ध गराइने छ।गाउँपालिकाबाट ज्येष्ठ नागरिकहरुलाई थप सम्मान कार्यक्रम संचालन गरिनेछ।
- महिलाहरुको पैत्रिक सम्पत्तिमाथि समान हक स्थापित गर्न विशेष अधिकार सहित समान सहभागीताको ग्यारेन्टी गरिने छ।
- महिलाहरुलाई पेशामा निर्वाद ढंगले लाग्ने अधिकार सहित पुरुष र महिलाको पारिश्रमिक समान हुने व्यवस्था गरिनेछ।
- बालबालिकाको पोषण र शिक्षामा विशेष ध्यान दिइने छ।असहाय असक्त बालबालिकाको संरक्षण र शिक्षामा ध्यान दिइने छ।
- जेष्ठ नागरिकहरुलाई परिचयपत्रको व्यवस्था लाई निरन्तरता दिइने छ।जेष्ठ नागरिकका अनुभव, ज्ञान, सीपको कदर गर्ने र उनिहरुका जटिल समस्या समाधानको पहल गरिने छ।
- एकल महिलाहरुलाई आयआर्जन सम्बन्धि तालिम दिई आत्मनिर्भर बन्न प्रेरित गरिने छ।



त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

**(ख) <u>दलित तथा विपन्न</u>**

- दलितहरु माथि हुने छुवाछुत लगायत सबैखाले भेदभावको अन्त्य गरिने छ।
- छुवाछुतलाई मानवीयता विरुद्धको अपराधका रुपमा लिई कानूनी कारवाही गरिने छ।
- सामाजिक आर्थिक क्षेत्रमा समुचित प्रतिनिधित्व सुनिश्चित गरिने छ।
- दलित समुदायका परम्परागत पेशाहरुको आधुनिकीकरण गर्न तालिम तथा प्रविधी हस्तान्तरणको कार्यमा साझेदारी गर्दै रोजगारी सिर्जना गर्न आवश्यक पहल गरिनेछ।

**(ग) <u>युवा</u>**

- युवाहरुको क्षमता, सीप, अध्ययन, अनुसन्धान लगायतका कुरालाई व्यवस्थित र वैज्ञानिक ढंगले गर्न युवाहरुको अर्थपूर्ण सहभागिता र नेतृत्वलाई जोड दिन स्थानीय युवा नीति तयार गरी कार्यान्वयन गरिनेछ।
- शान्ति, विकास र समृद्धिका लागि युवा सहभागिता सुनिश्चित गरिनेछ।
- युवाहरुलाई सक्षम, सवल र श्रम बजारमा स्वरोजगार हुने किसिमका तालिमहरुको व्यवस्था गरिने छ।
- लागु औषधी, जाँडरक्सी, जुवातास जस्ता विकृति विसंगतिबाट युवालाई मुक्त गर्ने गरी चेतना मूलक कार्यक्रम संचालन गरिने छ।
- विपद् जोखिम न्यूनिकरण, वातावरण संरक्षण, हिंसा न्यूनिकरण, स्वास्थ्य सचेतना, बालमैत्री प्रवर्द्धन, सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन इत्यादि जस्ता विषयमा बालक्लवका पूर्व सदस्यहरु, स्थानीय तहभित्र रहेका युवा क्लव, नागरिक संघ संगठनहरुसँगको समेत सहकार्यमा युवा स्वयंसेवक परिचालन गरिनेछ।
- तीनै तहका सरकार, नागरिक संघ संगठन, नीजि क्षेत्रबीचको सहकार्य गरी स्थानीय तहमा उद्यमशीलता, रोजगारीका अवसरहरु खोजी कार्य गरिनेछ।

**(घ) <u>शहिद तथा वेपत्ता परिवार र घाइते योद्धा</u>**

- जनयुद्ध र जनआन्दोलनका क्रममा शहादत् प्राप्त गर्ने शहिदहरुको स्मृति र सम्मान हुने विशेष कार्यक्रम संचालन गरिने छ।
- शहिदका नामबाट सडकहरुको नामाकरण गरिने छ, पार्क, स्तम्भ खडा गरी इतिहासको संरक्षण गरिने छ।
- शहिदका छोराछोरीलाई शिक्षा र रोजगारीका अवसरमा प्राथामिकता दिइने छ।
- घाइतेहरुको निःशुल्क उपचारगर्ने र छोराछोरीलाई निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ।
- शहिद परिवार समाज मार्फत शहिद परिवारका समस्याहरु केन्द्रित गरी समाधानका उपाय पहिल्याइने छ।

- शहिदहरुलाई सम्मान गर्ने संस्कृति निर्माण गर्ने, शहिदका जीवनी प्रकाशन गर्ने, शहिद परिवार सम्मान कार्यक्रम आयोजना गरिनेछ।
- शहिद परिवार र जनयुद्धका घाइतेहरुलाई मासिक रु २००० का दरले जीवन निर्वाह भत्ता उपलब्ध गराइने छ।
- जनयुद्धका घाइते, अपाङ्ग योद्धाहरुको संगठन निर्माण गरी उनीहरुका समस्या केन्द्रित गरी समाधान गर्न पहल गरिने छ। साथै घाइते योद्धाहरुको उच्च सम्मान गर्ने संस्कारको विकास गरिनेछ।
- कार्यविधि अनुसार सुचिकरणमा छुटेका जनयुद्धका घाइते यातना पिडितको लागत अद्यवधि गरिनेछ।
- कार्यविधि बनाई शहिदका परिवार र घाइतेहरुलाई परिचयपत्र उपलब्ध गराइनेछ। आर्थिक अवस्था कमजोर भएका अतिअसक्त शहिदका परिवार र घाईतेहरुलाई वडा कार्यालय र जिल्ला अस्पतालको सिफारिसमा निशुल्क एम्बुलेन्स सेवा र निशुल्क स्वास्थ्य विमा गरिनेछ।

(११) **बहुक्षेत्रीय पोषणः**

- प्रत्येक गर्भवती महिलाको घरमा हरियो झन्डा राख्ने र आमालाई खाना र शिशुलाई नाना कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गरिनेछ।
- त्रिवेणी गाउँपालिकाको पोषण प्रोफाइल तयार गरि पालिकालाई पोषणमैत्री गाउँपालिका निर्माण गरिने छ।

(१२) **योजना तर्जुमा, कार्यान्वयन तथा लेखाप्रणालीः**

- भूगोल तथा बिषय क्षेत्रगत रुपमा नागरीकलाई प्रत्यक्ष सहभागी बनाई संकलन गरिएका योजनाहरुको गहन विश्लेषण मार्फत छनौट गरी त्रिवेणी गाउँपालिका योजना बैङ्कको निर्माण गरीनेछ। सरकारी तथा गैरसरकारी क्षेत्रबाट समेत सोही योजना बैङ्क बाट मात्र योजना कार्यन्वयन गरिने परिपाटी को व्यवस्था गरिनेछ।
- बजेट निर्माणलाई व्यवस्थित र अभिलेखबद्ध तुल्याउन तथा चुस्त प्रतिवेदनका लागि सुत्र प्रणाली निरन्तरता दिइनेछ जसले गर्दा बजेट भित्रका विविध अनियमितताको अन्त्यमा थप जोड हुनेछ।
- निर्मित योजनाहरु कार्यान्वयनको श्रेस्ता फाँटबारी व्यवस्थित गरी राखिनेछ र चौमासिक रुपमा आ.ले.प. प्रणाली लाई कार्यान्वयन गरिनेछ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

**(१३) संघ संस्था समन्वय र परिचालनः**

- त्रिवेणी गाउँपालिका क्षेत्रभित्र, स्थानिय सरकारको नीति कार्यक्रम र मापदण्ड भित्र रहि कार्यक्रम गर्न इच्छुक सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग आवश्यक समन्वय गरी आकर्षित गर्ने नीति लिइनेछ।
- कुनै पनि सरकारी गैरसरकारी संघसंस्था निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिका भित्र, आयोजना, कार्यक्रम संचालन गर्नु पूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरूप आयोजना वा कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्थालाई स्थानीय सरकार कार्यविधि बनाएर कार्यक्रम कडाइका साथ लागु गरिनेछ।
- गैरसरकारी संस्था संचालन कार्यविधि समय सापेक्ष परिमार्जन गरी प्रभावकारी बनाइनेछ। योजना, बजेट तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा एकद्वार नीति लिइनेछ। साथै सामाजिक क्षेत्रका सेवा प्रदायक संघसंस्थाहरूसँग कार्यसम्पादन करार गरी सोको कार्यान्वयन अवस्थाको निरन्तर नतिजा मूलक अनुगमन र निरीक्षण गरिनेछ।
- सरकार र सामुदायिक संस्थाबिचको समन्वय, सहकार्य र अन्तरसम्बन्धलाई उपलब्धिमुलक तुल्याउन, सबै संघ सस्थाहरुका बार्षिक कार्यक्रम पेश गर्न लगाई कार्यक्रम कार्यन्वयन तथा समन्वय सम्झौता गरिनेछ। जसले गर्दा कार्यक्रममा रहने दोहोरोपनाको अन्त्य हुनेछ भने प्रभावकारी नियमन र अनुगमन मार्फत वास्तविक उपलब्धि हासिल हुनेछ। यसबाट संस्थागत अन्तरसम्बन्ध तथा समन्वयमा बढावा हुने हुदा संस्थागत आकर्षण र क्रियाशिलता बढ्ने अपेक्षा लिएको छु।

**(१४) बजेट कार्यान्वयनः**

- बजेट कार्यन्वयनमा प्रचलित कानूनको पालना, पारदर्शिता र चुस्त प्रतिवेदन प्रणालीको विकास गरीनेछ। जसका लागि मासिक, चौमासिक तथा बार्षिक कार्यक्रम कार्यन्वयन योजनाको निर्माण गरी सो अनुसार कार्यन्वयनलाई व्यवस्थित र समयबद्ध तुल्याइनेछ।
- बैधानिक रुपमा प्रक्रिया पुरा गरी सम्झौता पश्चात वा नियमानुसार अनुमति लिएर मात्र कार्यन्वयन चरणमा प्रवेश गरिनेछ। सम्झौता वा अनुमति विना गरीएको कामलाइ कार्यालयको वैधानिक प्रणाली भित्र आवद्ध गरीने छैन भने कार्यालयको आन्तरिक दायित्व मानिने छैन। सम्झौता वा अनुमति विनाका कार्यलाई अवैधानिक करार गरिनेछ।

**(१५) राजस्व प्रशासन तथा परिचालनः**

- त्रिवेणी गाउँपालिका क्षेत्रभित्रका राजश्वका क्षेत्र पहिचानलाई व्यापक र बैज्ञानिक तुल्याउदै, राजश्वका दर र दायराका आधारहरुलाई वस्तुनिष्ठ तथा प्रगतिशिल बनाउँदै लगिनेछ।
- "कतै छोडिदैन र कहिँ लुटिदैन" भन्ने मान्यतालाई आत्मसाथ गर्दै, निर्धारण गरीएका आन्तरीक आम्दानीका स्रोत र क्षेत्रबाट शतप्रतिशत राजस्व संकलन गरिनेछ भने राजश्वका क्षेत्र, दर र

दायरालाई सामाजिक आर्थिक अवस्था, सामाजिक न्याय, आर्थिक सहभागिताको स्तर, सामाजिक महत्व तथा संवेदनशिलता, मानवीय स्वास्थ्य तथा सुरक्षा र विपन्नता तथा गरिवी निवारणमा भूमिका आदिका आधारमा निर्धारण गरिनेछ।

- राजश्व प्रशासनलाई क्षमतावान, पारदर्शी र प्रविधिमा आधारित भई सुत्रमा अभिलेखबद्ध तुल्याउन तालिम तथा प्रविधिमा लगानी गरिनेछ भने नागरिक स्तरमा राजश्व संकलन प्रतिको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक परामर्श तथा छलफललाई भौगोलिक क्षेत्रगत रुपमा तथा योगदान क्षेत्रका रुपमा संचालन गरिनेछ।
- त्रिवेणी गाउँपालिकासँग कुनै पनि रुपमा सम्बन्ध राख्ने संस्था, कम्पनी र त्रिवेणी भूगोल क्षेत्रभित्र कुनै पनि व्यवसाय, क्रियाकलाप तथा कारोबार गर्ने व्यक्ति वा संस्थालाइ निरपेक्ष सेवाग्राहीको रुपमा कानुनी नागरिक ठानी, सूचीकृत भए पश्चात मात्र पहिलो सेवा सम्बन्ध कायम गरिनेछ। जसले गर्दा त्रिवेणी गाउँपालिकाको नियमन तथा अभिलेख प्रणालीमा आवद्ध गर्न सकिनेछ र सूचीकृत पक्षलाइ समेत विकास साझेदारको रुपमा दावि गर्ने बैधानिक अधिकार प्राप्त हुनेछ।
- त्रिवेणी गाउँपालिका भित्रको सिम्रुतु बजार, झुल्नेटा, खौला बजार, नुवाकोट बजारलाई केन्द्रित गरी राजस्व नियमित गर्न कर संकलक खटाई ब्यवस्थित गर्ने र विभिन्न वस्तुको आयात निर्यात कर व्यवस्थापन गर्न नगर प्रहरी वा बोलपत्र आह्वान गरि राजस्व संकलन गर्ने नीति लिइनेछ।

**सम्मानित सभाका सदस्य ज्यूहरु तथा उपस्थित महानुभाव ज्यूहरु,**

प्रस्तुत निति तथा कार्यक्रम कार्यान्वयनबाट त्रिवेणी गाउँपालिकाको समृद्ध त्रिवेणी सुखी र सम्मानित त्रिवेणी वासीको अपेक्षालाई पुरा गर्दै त्रिवेणीको विकास समृद्धि सामाजिक न्याय र सुशासन प्रतिको तिब्र आकाक्षां सम्बोदन हुने र रोजगारी, दिगो विकास, विकास र समावेशी आर्थिक वृद्धि सहितको आत्मनिर्भर अर्थतन्त्र निर्माण हुने विश्वास लिएको छु।

अन्तमा, प्रस्तुत योजना तथा कार्यक्रमले यस गाउँपालिकाको समग्र विकासमा सकरात्मक र दुरगामी प्रभाव पार्ने विश्वास लिदै आगामी आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित योजना तथा कार्यक्रम मस्यौदा तयार पार्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने संघीय संसद तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरु, जिल्ला समन्वय समिति रुकुम पश्चिम, विषय विज्ञ महानुभावहरु, राजनैतिक दल, नागरिक समाज, वुद्धिजिवि, गैर सरकारी संस्थाका साझेदार संस्थाहरु, टोल विकास संस्था, विकास साझेदार संस्थाहरु, ट्रेड यूनियनका मित्रहरु, शिक्षक, प्राध्यापक, पत्रकार, कानून व्यवसायीहरु तथा यस गाउँपालिका वासी सम्पूर्ण दाजुभाई दिदीबहिनीहरु, गाउँपालिकाका हरेक गतिविधिको बारेमा सत्यतथ्य सूचना प्रवाह गरी सहयोग पुऱ्याउनु हुने संचारकर्मी मित्रहरु एंव राष्ट्र सेवक कर्मचारीहरुलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद !**

............................

**गणेश कुमार के.सी.**

**अध्यक्ष**